म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २९६ शुक्रबार २६ जेठ २०८० ने. सं. ११४३ तछलागा 9 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कैलाशमा मखमलको जुत्ता बनाउने तालिम समापन

हेटौंडा, २५ जेठ/जिल्लाको विकट कैलाश गाउँपालिकाका महिलालाई मखमलको जुत्ता बनाउने सीप सिकाइएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा वडा नम्बर ९ र १० का महिलालाई मखमलको जुत्ता बनाउने तालिम प्रदान गरिएको हो । लालित्य सेवा प्रतिष्ठानद्वारा दिइएको तालिमको समापन भएको छ । १५ दिनसम्म सञ्चालित तालिममा महिलाको उल्लेख्य सहभागिता रहेको थियो । तालिमलाई रुविना बानियाँले प्रशिक्षण दिएकी थिइन् । प्रतिष्ठानका अध्यक्ष मुना पाठक कठायतको सभाध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा पश्चात सहभागिलाई प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, वडा नम्बर ९ का वडाअध्यक्ष भुवनसिं घलान, प्रमुख प्रशासकीय अधिकृत अशोक विष्ट, वडा नम्बर ९ का निवर्तमान वडाध्यक्ष माणिकलाल मुक्तान, वडासदस्य गोरीमाया लामा, तालिम प्रशिक्षक रुविना बानियाँ, प्रहरी इन्चार्ज लक्ष्मण थापा लगायतको आतिथ्यता रहेको थियो । प्रमाणपत्र प्रदान गर्दै गाउँपालिका अध्यक्ष मुक्तानले सीपलाई व्यवसायमा लैजाने गरी काम गर्न आग्रह गरेका छन् ।

### अलपत्र 'बागमती प्रदेश मुख्यमन्त्री सभाहल' निर्माण,

# उपमहानगरपालिकालाई देखाएर पन्छिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ हेटौंडा-२ स्थित हेटौंडा उपमहानगर पालिकाको भवन पछाडि निर्माण सुरु गरिएको 'बागमती प्रदेश सभाहल' अलपत्र परेको छ । गत आर्थिक वर्ष २०७७ कात्तिक १७ गते प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको सभाहलको म्याद समाप्त भएर पुन: म्याद थप प्रक्रियामै रहँदासम्म पनि कुनै काम अगाडि बढ्न नसकेको हो ।



तीन वर्षअघि शिलान्यास गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाहलको भौतिक प्रगति करिव २० प्रतिशत छ । निर्माणका लागि तयार पारिएको प्लिन्थ लेभलको ढलान गर्न विछ्याइएको रडहरु खिया लागिसकेको छ भने निर्माण सामग्रीहरु असरल्ल अवस्थामा रहेका छन् । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको शहरी विकास तथा भवन कार्यालय हेटौंडाले सो सभाहलको निर्माणको ठेक्का आह्वान गरेको थियो ।

निर्माण कम्पनीले २०७९ वैशाख १९ गतेसम्म निर्माण सम्पन्न गरिसक्ने गरी कार्यालयले कुल ५ करोड २६ लाख ८३ हजार रुपैयाँ लागतमा सभाहल निर्माणको ठेक्का निर्माण कम्पनीसँग सम्झौता गरेको थियो । चार सय जना क्षमताको सो सभाहल निर्माणका लागि घटाघट विधि अनुसार संरक्षण निर्माण सेवा/शेभ इन्जिनियरिङ कन्स्ट्रक्सन जेभीले ठेक्का सम्झौता गरेको थियो ।

ठेक्का सम्झौताको तीन वर्ष वितिसक्दा समेत सो सभाहलको प्लिन्थ लेभलको काम पनि सम्पन्न हुन सकेको छैन । तीन वर्षको अवधिमा सभाहलको २० प्रतिशत मात्र भौतिक प्रगति भएको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भवन तथा शहरी विकास कार्यालयका निमित्त प्रमुख इन्जिनियर घनश्याम श्रेष्ठले जानकारी दिए । निर्माण कम्पनीले निर्माण सामग्रीहरु असरल्ल पारेर बेपत्ता भएपछि भने कार्यालयले पटकपटक ताकेता गर्ने प्रयास गरेको देखिन्छ । ताकेतापत्र पठाउँदा पनि ठेगदार सम्पर्कविहीन बनेको निर्माण कम्पनीको यतिबेला म्याद थप गराउने प्रक्रियामै रहेको निमित्त प्रमुख श्रेष्ठले बताए ।

उनका अनुसार सभाहल बनाउने क्रममा हेटौंडा उपमहानगर पालिकाले भवन बनाउने तयारी गरेको भन्ने सुन्नमा आएको हुँदा त्यसकारण पनि काम रोकेको बताए । 'उपमहानगरपालिकाको कार्यपालिकाको बैठकले सभाहल निर्माण भईरहेको भवनमा छुट्टै भवन निर्माण गर्ने भन्ने सुन्न आएको छ । तर, आधिकारिक निर्णय भने आइसकेको छैन ,' श्रेष्ठले भने, 'त्यस्कारण पनि केही समस्या उत्पन्न भएको छ ।' उनले उपमहानगरपालिकाको निर्णय आईनसकेको हुँदा ठेकेदार कम्पनीलाई भने काम अगाडि बढाउन पत्राचार गरेको जानकारी दिए ।

यता, हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता एंव हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपानेले उपमहानगरले कुनै भवन बनाउने निर्णय नगरेको बताएका छन् । उपमहानगरपालिकाको स्वामित्वमा रहने गरी सुरु गरिएको सभाहलको निर्माण पश्चात सो सभाहलको सम्पूर्ण व्यवस्थापन हेटौंडा उपमहानगरपालिकामा रहने गरी कुनै संस्थागत निर्णय नगरी पत्राचारको भरमा निर्माण गर्न दिएको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

प्रवक्ता न्यौपानेले कुनै पनि कार्यापालिकाको वैठकमा त्यस्तो निर्णय नगरेको बताए । प्रवक्ता न्यौपानेले कार्यालय परिसरको जग्गामा तीन वर्षदेखि सभाहल निर्माण अलपत्र परेर २० प्रतिशत काम पनि नभएको भन्दै असन्तुष्टि व्यक्त गरे । यतिबेला प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय हुन नसकेको स्पष्ट देखिन्छ । प्रदेशको राजधानीको उपमहानगर पालिकासँग समन्वय गर्ने बिधि र पद्धति प्रदेश सरकारसँग नभएको देखिन्छ ।

खाली देखिएको जमिनमा हचुवाको भरमा सभाहल निर्माण गर्ने निर्णय नै प्रदेश सरकारका लागि घाँडो भएको स्थानीयले बताएका छन् । बिगतमा हेटौंडा नगरपालिकाको खाली जमिनमा कतिपय आमसभा, सांस्कृतिक कार्यक्रम हुने गरेको थियो । प्रदेश सरकारले नगरपालिकाको खाली जग्गामा सभाहल बनाउने निर्णय गर्नु नै गलत रहेको स्थानीयको भनाई छ । प्रदेश सरकारका लागि सभाहल अत्यन्तै जरुरी थियो तर, हचुवाको भरमा लगानी गर्दाको परिणाम देखिएको स्थानीयले बताएका छन् ।

# निर्माणाधीन चुरियामाई सुरुङको निरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ हेटौंडाको चुरीयामाइमा रहेको चुरीयामाइ सुरुङको बिहीबार बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले निरीक्षण गरेका छन् । आफू मुख्यमन्त्री हुँदा निकासा गरेको र कमबाट निर्माण भएको चुरीयामाइ सुरुङको उनले निरीक्षण गरेका हुन् ।



३ करोड ३६ लाख रुपैयाँको लागतमा निर्माण भएको सुरुङबाट नै पौडेल र बागमती प्रदेशका पूर्वराज्यमन्त्री जुनेली श्रेष्ठले निरीक्षण गरे । सुरुङको सिरानभागबाट छिरेर अर्को तर्फबाट सजिलै निस्कन पाउँदा खुसी समेत व्यक्त गरे । राजधानी काठमाडौंलाई मकवानपुरको हेटौंडा हुँदै तराईसम्म जोड्न राण प्रम चन्द्रशमशेरको पालामा निर्माण गरिएको चुरियामाई सुरुङबाट वारपार गर्न सकिने भएको छ ।

दक्षिण एसियाकै पहिलो मानिने यो ऐतिहासिक सुरुङको एउटा खण्ड करिब ४० मिटर भत्किएको थियो । त्यसलाई मर्मत गरेर वार पार गर्न सक्ने बनाइएको बागमती प्रदेशको भौतिक पूर्वाधार निर्देशनालयका निर्देशक लोकनाथ रेग्मीले जानकारी दिए । 'सुरुङ खुलाएर वारपार गर्न सक्ने बनाइएको चारदिन जति भयो,' निर्देशक रेग्मीले भने, 'अब फिनिसिङको काम बाँकी छ' । सुरुङ मार्गमा काम जारी रहेकाले सबैलाई प्रवेश अनुमति नदिइएको उनले बताए ।

यो सुरुङ ऐतिहासिक भएकाले सवारी साधन सन्चालन भन्दा पनि पर्यटकले अवलोकन र पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने योजना प्रदेश सरकारको रहेको निर्देशनालयका प्रवक्ता हरिप्रसाद ओझा बताउँछन् । चुरियामाई सुरुङ विक्रम संवत् १९७४ मै बनेको थियो । नेपालका प्रथम स्नातक इन्जिनियर भनिने ब्रिगेडियर जनरल डिल्लीजंग थापाले ५ सय मिटर लम्बाइको यो सुरुङ डिजाइन गरेका थिए । चुरे पर्वतमा बनेको यो सुरुङ साँढे २ मिटर चौडाइ, ३ मिटर उचाइ र ५०० मिटर लम्बाइको छ ।

माटो, इँटा, चुना र सुर्की प्रयोग गरी निर्माण गरिएको यो सुरुङबारे स्वीस भूगर्भविद टोनी हेगनले आफ्नो पुस्तक 'दी हिमालयन किङडम अफ नेपाल'मा पनि चर्चा गरेका छन् । उनले यसलाई 'एसियाकै पहिलो मानवनिर्मित सुरुङ हुन सक्ने' उल्लेख गरेका छन् । भारतमा पनि नबनेको यस्तो सुरुङ मार्ग नेपालमा देख्दा आफू अचम्मित र खुसी भएको टोनी हेगनले उल्लेख गरेका थिए ।

राणाकालमा रक्सौलबाट बाराको अमलेखगञ्जसम्म रेल चल्थ्यो, त्यहाँबाट मकवानपुरको भीमफेदीसम्म बनाइएको सडकमार्गमा चुरे पहाड छिचोल्दै हेटौंडा छिर्न सजिलो थिएन । त्यसैले पहाडमा घुमाउरो बाटो बनाउनुको साटो सीधा सुरुङ मार्ग खनेर गाडी चलाइएको थियो । यही सुरुङ मार्ग हुँदै चल्ने गाडीले मकवानपुरको भीमफेदीसम्म समान ल्याउँथे । काठमाडौंसम्म जोडिने सडक नभएकाले भीमफेँदीबाट भरिया लगाएर काठमाडौंसम्म सामान भित्राइन्थ्यो ।

प्रजातन्त्र पुनर्स्थापनापछि २०१३-१६ सालमा त्रिभुवन राजपथ बन्यो । त्यसैक्रममा यो सुरुङको बीच खण्डमा विष्फोट गराएर भत्काएर त्यसैमाथि सडक बनाइएको थियो । त्रिभुवन राजपथको बक्स कटिङ रोडदेखि दक्षिणतिरको भागमा धसिएको स्थान मर्मत गरेर सुरुङ खुलाइएको भौतिक पूर्वाधार निर्देशनालयका प्रवक्ता ओझाले जानकारी दिए ।

ओझाका अनुसार सुरुङको २० मिटर जति भाग धसिएको अनुमान गरी मर्मतका लागि डीपीआर निर्माण गरिएको थियो । तर, मर्मत सुरु गरेपछि ४० मिटर भाग धसिएको पाइयो । यसैगरी सुरुमा १९८ मिटर लम्बाइमा पुननिर्माण गर्नुपर्ने पूर्वानुमान भए पनि मर्मत गर्दै जाँदा २२२ मिटर लम्बाइमा निर्माण गर्नुपरेको उनले बताए । 'सुरुङ साँघुरो भएकाले र मेसिन पनि लैजान नमिल्ने भएकाले त्यहाँको काम गर्न हामीलाई ५ महिना लाग्यो,' ओझाले भने ।

३ करोड ३६ लाख रुपैयाँको लागतमा माउन्टेन इन्फ्रा कन्स्ट्रक्सनले २०७७ वैशाखमा सुरुङ पुनर्निर्माणको ठेक्का पाएको थियो । सुरुमा एक वर्षभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि कोरोना महामारी, प्राविधिक कठिनाइ लगायत कारण दुईपटक म्याद थपिएको थियो । पछिल्लो पटक थपिएको म्याद अनुसार आगामी असार मसान्तभित्र काम सम्पन्न गर्ने लक्ष्य रहेको प्रवक्ता ओझाले जानकारी दिए । सबै काम सम्पन्न गरेपछि हेटौंडा उपमहानगर पालिकालाई जिम्मा लगाउने निर्देशनालयले जनाएको छ ।

# मकवानपुरका तीन खेलाडी साफ खेल्ने टोलीमा



साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ मकवानपुरका तीनजना खेलाडी साफ च्याम्पियनसीप खेल्ने नेपालको टोलीमा अटाएका छन् ।

मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो ऐनेसले बिहीबार २३ सदस्यीय फाइनल स्क्वाड घोषणा गरेका हुन् । टिममा मकवानपुरे अञ्जन विष्ट (फर्वाड), विमल पाण्डे (डिफेन्डर) र आयुष घलान (फर्वाड) समावेश भएका हुन् । जसमध्ये अञ्जन र विमल जिल्ला लिगबाट उदाएका खेलाडी हुन् । आयुष भने काठमाडौंमै खेलेर उदाएका खेलाडी हुन् ।

आयुषको परिवार मकवानपुरबाट काठमाडौं बसाई सर`को जनाइएको छ । अञ्जन र आयुषले यसअघि नै राष्ट्रिय टिमबाट खेलिसकेका छन् । विमल भने पहिलो पटक राष्ट्रिय टिममा परे । यसअघि मकवानपुरका सुनिल बल राष्ट्रिय टिमका नियमित सदस्य थिए । उनी अष्ट्रेलिया पुगेका छन् ।

टोलीमा यसपटक उदाउँदा नयाँ अनुहारका रुपमा जावलाखेलका युवा डिफेन्डर सिमान्त थापा तथा थ्रीस्टार क्लबका उदीयमान मिडफिल्डर लाकेन लिम्बुले पनि स्थान बनाउन सफल भएका छन् । त्यसवाहेक चर्च ब्वाईजका लागि यस सिजन उत्कृष्ट प्रदर्शन गर्दै टोलीलाई ऐतिहासिक लिग चयाम्पियन बनाएका अर्का युवा फरवार्ड आशिष चौधरी पनि नेपालको फाइनल स्क्वाडमा पर्न सफल भएका छन् । स्मरण रहोस, यही जुन २१ तारीखदेखि भारतको बंगलोरमा सुरु हुन गइरहेको साफ चयाम्पियनसिपमा नेपाल आयोजक तथा साविक विजेता भारत, कुवेत र पाकिस्तानसँगै समूह 'ए' मा परेको छ ।

नेपालले आफ्नो पहिलो खेल जुन २१ तारीखका दिन कुवेतसँग खेल्नेछ भने २४ तारीखका दिन भारत र २७ तारीखका दिन पाकिस्तानसँग खेल्ने कार्यक्रम छ । समूह बी मा लेबनान, बंगलादेश, माल्दिभ्स र भुटान छन् । प्रत्येक समूहको शिर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । तयसबाहेक नेपालले यही १५ जुनका लागि मनिलामा घरेलु टोली फिलिपिन्ससँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल म्याच खेल्ने कार्यक्रम पनि छ ।

नेपालको राष्ट्रिय टिम: गोलकिपरमा किरन चेम्जोङ, दीप कार्की, विशाल श्रेष्ठ, डिफेन्डरमा विमल पाण्डे, सनिस श्रेष्ठ, अनन्त तामाङ, देवेन्द्र तामाङ, निशान्त खड्का, रोहित चन्द, सिमान्त थापा छन् । मिडफिल्डरमा पुजन उपर कोटी, एरिक बिष्ट, नवीन लामा, मणिकुमार लामा, लाकेन लिम्बु, आवास लामिछाने छन् भने फर वार्डमा आयुष घलान, नवयुग श्रेष्ठ, दीपकराज सिंहठकुरी, अन्जन बिष्ट, मनिष डाँगी, आशिष चौधरी, बिमल घर्ती मगर रहेका छन् ।

# हास्यव्यङ्ग्यकार रिजाल सम्मानित हुने

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ वरिष्ठ हास्यव्यङ्ग्यकार आरसी रिजाल डा.गणेशकुमार पौडेल स्मृति हास्यव्यङ्ग्य सम्मान २०८० बाट सम्मानित हुने भएका छन् । सिस्नुपानी नेपाल मकवानपुरद्वारा २५ हजार राशीको नगदसहित सम्मानित हुन लागेका रिजालले भैरव प्रतिभा पुरस्कार २०५७, यति सम्मान, दायित्व वाङ्मय विशिष्ट सम्मान २०७८, ज्ञानदीप हास्यव्यङ्ग्य सम्मान २०७७, अप्सरा तिम्सिना लम्साल स्मृति साहित्य सम्मान, जिल्लागत बुढ्यौली साहित्य समाजद्वारा विभिन्न सम्मान लगायत दर्जनौं सम्मान प्राप्त गरि सकेका छन् ।



अशक्त, बुढ्यौलीले छोएका, आर्थिक अवस्था कमजोर रहेकादेखि थुप्रै सर्जकलाई कहिले दाता खोज्दै त कहिले आफैंले नगद सहयोग समेत गर्दै हिँड्ने रिजालको अगुवाईमा दर्जनौं सर्जक सम्मानित भैसकेका छन् । आफूले पाएको रकम पुरस्कारमा जम्मा गरिदिनेदेखि छोराको बिहेभोजमा खर्च नगरेर सर्जकलाई हस्तान्तरण गर्ने त्यागी साहित्यकार रिजाल यस्ता कामले लेख्नेहरुलाई हौसला मिल्ने बताउँछन् ।

को वरिष्ठ ?, हाकिमको खप्पर, कण्ठलङ्गौटी जस्ता हास्यव्यङ्ग्य पुस्तक लेखेर नेपाली हास्यव्यङ्ग्य साहित्यको उन्नयनमा लागेका रिजालले भारतीय लेखकका रचना समेत नेपाली भाषामा अनुवाद गरेका छन् । हास्यव्यङ्ग्य लेखनमा सक्रिय भई गोपालप्रसाद रिमाल, भैरव अर्याल, भानुभक्त आचार्य, पारिजात, लक्ष्मीप्रसाद देवकोटा लगायत साहित्यकारहरुको प्रतिमा स्थापनामा समेत अगुवाई गरेका रिजाल बुढ्यौली साहित्य समाज मकवानपुरका अध्यक्ष छन् । यस संस्थाले अघिल्लो वर्ष दाना कविताका सूत्रपात गर्ने साहित्यकार तुल्सी थापालाई २ लाख नगदसहित अभिनन्दन गरेको थियो ।

रिजालका सम्बन्धमा हास्यव्यङ्ग्य कलाकार मनोज गजुरेल भन्छन् 'मोफसलमा रहेर हास्यब्यङ्ग्यको श्रीवृद्धिमा सक्रिय साधक तर, गम्भिर स्वभावमा हँसिला सिर्जनाका सर्जक अनि धेरैले चिन्नुपर्ने तर, कमले जानेको साहित्यकार हुनुहुन्छ आरसी सर ।'

२०६१ सालदेखि निरन्तररुपमा अक्षय अक्षर साहित्यिक पत्रिका प्रकाशन गराउँदै आएका र ४० वर्षमाथि लेखन जीवन बिताइसकेका रिजालले विगतमा सिस्नुपानी नेपाल मकवानपुर, साहित्य संगम मकवानपुर, पुष्पलाल स्मृति पुस्तकालय लगायतका संस्थाहरुको नेतृत्व गरिसकेका छन् । सिस्नुपानी नेपालको स्थापना हुनासाथ मकवानपुरमा समेत यसको जिल्ला शाखा स्थापना गराई हास्यव्यङ्ग्य लेखनमा सक्रिय रिजालले आफूपछाडि संस्थालाई सक्रियरुपमा सञ्चालनमा हौसला दिँदै आएका र सोही क्रममा मकवानपुरका स्रस्टालाई समेत सिस्नुपानी केन्द्रसँग जोड्दै हास्यव्यङ्ग्यमा दशकौंदेखि निरन्तर सेवा गरेका छन् ।

साहित्य संगम तथा सिस्नुपानी मकवानपुरलाई आफ्नै आँगन काटेर संयुक्तरुपमा हस्तान्तरण गरको घडेरीमा बनेको भवनमा मकवानपुरका अधिकांश साहित्यिक संस्थाले साझा घरकारुपमा विमर्श, वाचन, पुस्तक विमोचन आदि गतिविधि गर्दै आएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# १६ मिटरको अड्को

हेटौंडाको मुख्य सडक ३२ मिटर मात्रै विस्तार गर्न संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मकवानपुरको टोली डेलिगेशन गयो । यस्तो डेलिगेसन गएको यो पहिलो पटक भने बिलकुल होइन । बिगतका दिनमा दर्जनौं मन्त्रीहरुलाई भेट्न हेटौंडाबासी पुगेका थिए । तर, समस्या टसको मस भएको छैन । हेटौंडाका लागि मात्र नेपालको राष्ट्रिय राजमार्गसम्बन्धी कानून संशोधन गर्ने वातावरण मिलाउने सम्भावना छैन । यो १६ मिटरको अभियान भनेको केवल मनको शान्तिमात्र हो । हेटौंडाबासीले बुझ्नुपर्ने बिषय भनेको एसियन हाइवेको मापदण्ड कस्तो छ ? भन्ने हो । र एसियन हाइवेले कम्तिमा ३४ वटा देशलाई सडकसञ्जालले जोडेको छ । पूर्वपश्चिम राजमार्गमात्र नभई यो अन्तर्राष्ट्रिय मुद्दा बनेको राजमार्ग हो ।

मन्त्रीलाई मन्त्रालयमै भेटेर मकवानपुरका प्रतिनिधिसभा सांसद, प्रदेशसभा सदस्यदेखि हेटौंडा बसोबास संरक्षण समितिका पदाधिकारीले सडक दायाँबायाँ १६-१६ मिटर मात्रै विस्तार गर्न अनुरोध गरेका छन् । जुन अनुरोध मन्त्रीपरिषदले मात्र पनि सम्बोधन गर्न सहायदै सक्दैन । किनकि यो राजमार्गको बिषय अन्तराष्ट्रिय मुद्दा बनिसेको छ । नेपालको पूर्वीनाका पानीटंकी-काकडभिट्टाबाट पश्चिमनाका कञ्चनपुर-बनबासासम्म एसियन हाइवेको 'ख' बर्गको रुट हो । हेटौंडाको मुख्य सडक दायाँबायाँ २५-२५ मिटर फराकिलो बनाउन हेटौंडा उपमहानगर अघि सरेपछि पुन: ३२ मिटरको माग संघीय सरकारलाई राख्ने प्रयास भएको हो । राप्ती खोलाको किनारमा निर्माणाधीन बाइपासका लागि थप बजेट माग गरिएको बिषय सकारात्मक हो । बाइपास पनि बन्छ र बजारको २५ मिटरभित्रका संरचना पनि भत्कने निश्चित छ भन्ने अड्कलबाजी गर्नेको संख्या बढ्दै गएको पाइन्छ । हेटौंडाको राप्तीखोलाको किनारमा निर्माणाधीन बाइपास सडक सञ्चालनका लागि थप बजेट तत्काल माग गरी बाइपासको बिकल्प पनि जरुरी छ । १६ मिटर मात्रै भत्काउँदा प्रभावितहरुलाई क्षतिपूर्ति र मुआब्जा दिन नपर्ने तर्कलाई केवल सहानुभूतिका रुपमा मात्र हेर्न सकिन्छ । हरेक वर्ष सरकारले हेटौंडा कपडा उद्योग चलाउने, रोपवे चलाउने जस्ता थोत्रा एजेण्डालाई नीति तथा कार्यक्रममा समेट्ने र राष्ट्रिय राजमार्गको दायाँबायाँ १६ मिटर मात्र भत्काउने मुद्दा उस्तै उस्तै हुन् । यि दुबैखालका एजेण्डाले सहानुभूति बटुल्ने प्रयास मात्र हुन् । सडक विस्तारसम्बन्धी निर्णय क्याबिनेटबाट मात्रै हुने भएकाले क्याबिनेटमा विषय लैजाने आस्वासन दिएर मन्त्रीले थामथुम पार्ने प्रयास मात्र गरेका हुन् । हेटौंडाको सडक विस्तार चर्चा विगत ३ दशकदेखि छ । तर, हालसम्म सडक विस्तार हुन सकेको छैन ।

यसअघि सडक भत्काउने भन्दै डोजर चलाउन खोजिए पनि स्थानीयको आन्दोलनपछि सडक डिभिजन कार्यालय पछाडि हटेको थियो । गत पुसमा सर्वोच्च अदालतले राजमार्ग बिस्तारको बारेमा २५ गजसम्म गर्नु भन्ने आदेशपछि स्थानीय पालिका र सम्बन्धित निकायसँग समन्वय गरी लगत संकलनमा आएको टोलीलाई काम गर्न नदिएको भन्दै उपमहानगरले यसअघि जिल्ला प्रशासनमा सर्वपक्षीय छलफल राखेको थियो । राजमार्ग बिस्तारको क्रममा हुने समस्याको बारेमा बुझ्नका लागि आएको एसियाली विकास बैंकको टोलीलाई लगत संकलन गर्न रोकेपछि हेटौंडा बजारक्षेत्रको ठेक्का नखोल्ने चेतावनी आएको छ । दातृ निकायको कुरा नमान्दा भोलिका दिनमा अनुदान रोकिने सम्भावना पनि छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ २७ गते शनिबार १० जुन २०२३ । तप्तमी, जेष्ठ शुक्लपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:९, सूर्यास्त ६:५७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ | तुला | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ |
| वृष | : कामबाट फुर्सद मिल्नेछ | वृश्चिक | : छिमेकमा असमझदारी बढ्नेछ |
| मिथुन | : सहयोगीको राम्रो साथ पाइनेछ | धनु | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| कर्कट | : रोकिएका काम बन्ने योग छ | मकर | : समय उत्साहवर्द्धक छ |
| सिंह | : लगानीको अवसर जुट्नेछ | कुम्भ | : आम्दानी बढ्नेछ |
| कन्या | : यात्रा अघि बढ्न सक्नेछ | मीन | : पितृधन लाभ हुनेछ |

# बजेटमथि ८ असहमति र १९ सहमति



✍ बामदेव गौतम

गत १५ गते नेपाल सरकारले दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८०-८१ को बजेटमा १० वटा प्राथमिकता राखिएको छ । ती प्राथमिकता प्राथमिकतै हुन सक्दैनन् ।

म सरकारी बजेटले राखेको प्राथमिकताको ठाउँमा अरू नै कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ भन्दै निम्नानुसारका ९ कार्यक्रम अगाडि सार्न चाहन्छु :

१. आगामी आर्थिक वर्षभित्र खाद्यवस्तुमा आत्मनिर्भरता प्राप्त गर्न कृषि उत्पादकत्व वृद्धि, कृषिभूमिको चकलाबन्दी, कृषि उत्पादनको व्यवसायीकरण र औद्योगीकरण, राष्ट्रिय बजारको संरक्षण र आत्मनिर्भरताको सुनिश्चितता गर्न नेपालमा उत्पादन हुने खाद्यवस्तु कुनै पनि मूल्यमा आयात गर्नुहुँदैन ।

२. सबै राजमार्गहरूमा दुर्घटनाको न्यूनीकरण गर्नुपर्छ । अहिले सडक दुर्घटनाबाट सबैभन्दा धेरै नेपाली नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था छ । यस्तो अवस्थामा दुर्घटना नहुने सुनिश्चितताका लागि सडक मर्मत तथा सुधार गर्नुपर्छ । राजमार्ग प्रहरीको स्थापना र खतरायुक्त सडकमा हरेक दुई किलोमिटरमा राजमार्ग प्रहरी पोष्ट स्थापना हुनुपर्छ । राजमार्गका हरेक ५ किमीमा सीसीटीभी जडान गर्नुपर्छ । गति प्रतिबद्धताको पालना र मादक पदार्थ सेवनलाई कडाइका साथ प्रतिबन्ध तथा नियम उल्लंघन गर्ने सवारी चालक र चालक सहयोगीहरूलाई कडा कारबाहीको व्यवस्था गर्नुपर्छ ।

३. सीमापार तस्करीको अन्त्य सरकारको अर्को प्रमुख प्राथमिकता हुनुपर्छ । नेपाल-भारतको सम्पूर्ण खुला सिमाना बन्द गर्नुपर्छ । सीमावर्ती २२ जिल्लामा थप दुई छोटी भन्सार सहितका नाका स्थापना गर्नुपर्छ । आवतजावत गर्ने जो कसैका निम्ति पासपोर्ट व्यवस्था र नाकामै प्रवेश अनुमति प्रदान गर्ने व्यवस्था गर्नुपर्छ । यो महत्वपूर्ण कामका लागि सम्पूर्ण जिम्मेवारी सशस्त्र प्रहरी बललाई प्रदान गर्दै जिम्मेवार बनाउनुपर्छ । यसका लागि यो बललाई अरू कामबाट मुक्त गर्नुपर्छ ।

४. वातावरण प्रदूषण न्यूनीकरण सरकारको अर्को प्रमुख मुद्दा हुनुपर्छ । अबदेखि कार, जीप, बस, ट्रक सहित सबै वाहन विद्युत् ऊर्जाबाट संचालन हुने मात्र आयात गर्नुपर्छ । त्यस्ता साधनहरू नेपालमै एसेम्बलिङ गरौं । क्रमश: पेट्रोलियम पदार्थबाट संचालित हुने वाहनहरू एक वर्षभित्र प्रतिस्थापन गरिसक्ने कार्ययोजना बनाएर काम गर्नुपर्छ । सबै शहरमा फोहोर व्यवस्थापन गर्ने प्रभावकारी काम गर्नुपर्छ ।

५. भ्रष्टाचार उन्मूलन अभियान संचालन सरकारको नीति तथा कार्यक्रमको अर्को प्राथमिकता हुनुपर्छ । २०४७ सालदेखि अहिलेसम्म सरकार सञ्चालनमा संलग्न कुनै पनि राजनीतिक व्यक्ति, निजामती प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, सबै तहका न्यायालयका पूर्व न्यायाधीशहरू, संवैधानिक परिषदका उच्च पदस्थ अधिकारी र ठूला घरानाका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्नुपर्छ । दोषी ठहर हुनेमाथि कानुनी कारबाहीको प्रक्रिया चलाउनुपर्छ ।

६. सरकारको नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समेटिनुपर्ने अर्को विषय हो- शैक्षिक गुणस्तर सुधार । छात्रवृत्ति प्राप्त गरी विदेश जाने बाहेक अरू कसैलाई पनि विदेशमा शिक्षा आर्जन गर्न जाने अनुमति दिनुहुँदैन । उच्च माध्यमिकस्तरको शिक्षामा सीटीईभीटी अध्ययन र तालिम अनिवार्य गर्नुपर्छ । त्यसरी शिक्षा प्राप्त गरेका व्यक्तिहरूले अधिकृत तहमा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था लागू गर्नुपर्छ ।

७. गुण्डागर्दी समाप्त गर्नुपर्छ । गुण्डागर्दीको परिभाषा गर्ने तथा कडा कारबाही गरी गुण्डागर्दी अन्त्य गर्ने कामलाई पनि प्राथमिकतामा राखौं ।

८. भेदभाव, छुवाछूत र हिंसा अन्त्य गरौं । कुनै किसिमको जातिपाति, भेदभाव, छुवाछूतको व्यवहारलाई दण्डनीय अपराध घोषणा गर्दै अन्त्य गरौं । त्यस किसिमको व्यवहार गर्ने व्यक्तिलाई कानुन बमोजिम कारबाही गर्नुपर्छ ।

९. लागूपदार्थ सेवन तथा जुवातास बन्द गर्न अभियान संचालन गर्नुपर्छ ।

आगामी आर्थिक वर्षको बजेटमा उपरोक्त ९ प्राथमिकताहरू समावेश गर्ने र तुरुन्तै कार्यान्वयनमा उत्रने हो भने पीडित जनताको संरक्षण हुनेछ । बेरोजगार अन्त्यको सुरुवात हुनेछ र सिंगो मुलुक समृद्धि उन्मुख समाजको दिशातर्फ अगाडि बढेको अवस्था देखिनेछ । सरकारको लोकप्रियता सगरमाथाको उचाइमा पुग्नेछ ।

आगामी ५ वर्षमा नेपाल राष्ट्रलाई विकासोन्मुख राष्ट्रहरूको पंक्तिमा उभ्याउन सकिनेछ । त्यसपछि नेपाली समाज संविधानले मार्गदर्शन गरेको समृद्ध समाजवाद निर्माणको चरणमा प्रवेश गर्नेछ ।

संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा यही महिना १५ गते अर्थमन्त्री प्रकाशशरण महतले करिब ४ घण्टा पढ्दै नेपाल सरकारको आर्थिक वर्ष २०८०-८१ को बजेट प्रस्तुत गर्नुभयो ।

घण्टौं लगाएर प्रस्तुत गर्नुभएको बजेट वक्तव्य मैले सिङ्गो दिन लगाएर अध्ययन गर्न सकें । मैले यो बजेटलाई आलोचनात्मक दृष्टिकोणका आधारमा समर्थन गर्दै विभिन्न सुझाव सहित आफ्नो विचार राखेको छु ।

धेरै विद्वान्, राष्ट्रसेवक कर्मचारीहरू समेतको सहयोग लिई मेहनत गरेर तयार गर्नुभएको ९१ पेजको नीति कार्यक्रम र ४४ पेजको अनुसूची समावेश बजेट वक्तव्यलाई एकसरो पढ्नैका निम्ति पनि घण्टौं लाग्नु स्वाभाविकै हो । कुनै पनि बजेटमा उल्लेख हुनुपर्ने सबै विषय यो बजेटमा पनि छुटेको जस्तो लाग्दैन ।

आफ्नो बुद्धिविवेकले भ्याएसम्म कुनै कसर नराखी समृद्ध भाषामा उल्लेख भएको यो बजेटमा नराम्रो भन्नुपर्ने केही भेट्टाउन सकिएन । तर आम्दानी खर्च सहितको यो दस्तावेजको महत्व त्यसबेला उजागर हुनेछ जब एक वर्षपछि कार्यान्वयन भएको देख्न सकिनेछ ।

बजेटमा उल्लेख भएका सबै कार्यक्रम आगामी पाँच वर्षमा पनि पूरा हुनसक्ने अवस्था मैले देखिनँ । तर पनि जे-जति कार्यान्वयन हुनेछन् ती नेपाली जनताकै पक्षमा रहनेछन् भन्ने मलाई लागेको छ ।

बजेट वक्तव्यमा ६ वटा उद्देश्य, १० वटा प्राथमिकता र ३८२ कार्यक्रम तथा अनेकौं नीति रहेका छन् । आगामी आर्थिक वर्षका निम्ति कुल रु.१७ खर्ब ५१ अर्ब ३१ करोड खर्च अनुमान गरिएको छ । त्यसबाट चालु खर्च रु.११ खर्ब ४१ अर्ब ७८ करोड अर्थात् कुल बजेटको ६५.२० प्रतिशत विनियोजन भएको छ ।

त्यसैगरी पूँजीगत अर्थात् विकास निर्माणतर्फ रु.३ खर्ब २ अर्ब ७ करोड अर्थात् १७.२५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ अर्थात् किस्ता र ब्याज आदि तिर्न रु.३ खर्ब ७ अर्ब ४५ करोड अर्थात् १७.५५ प्रतिशत विनियोजन गरिएको छ ।

कुल बजेटको सबभन्दा ठूलो हिस्सा राज्य संचालनमा रहेका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासित सम्बन्धित राष्ट्रसेवकहरूको तलबभत्ता आदिमा खर्च देखाइएको छ । जुन यथार्थ हो । यसमा घटाउन सकिन्न, क्षमता हुँदा बढाउने हो । वित्तीय व्यवस्थापनमा पनि घटाउन सकिन्न ।

बजेटमा स्रोत व्यवस्थापनका लागि राजस्वबाट १२ खर्ब ४८ अर्ब ६२ करोड, वैदेशिक अनुदानबाट ४९ अर्ब ९४ करोडको अनुमान गरिएको छ । यसो गर्दा ४ खर्ब ५२ अर्ब ७५ करोड नपुग देखिन्छ । त्यसलाई पूर्ति गर्न वैदेशिक ऋण २ खर्ब १२ अर्ब ७५ करोड प्राप्त हुने अनुमान गरिएको छ । त्यसबाट पनि नपुग रु.२ खर्ब ४० अर्ब आन्तरिक ऋण उठाउने अनुमान गरिएको छ ।

यस अगाडिका सरकारहरूले पनि यस पटकको जस्तै घाटा बजेट प्रस्तुत गरेका थिए । अधिकांश बजेटले अनुमान गरेका वैदेशिक सहायता, वैदेशिक ऋण तथा आन्तरिक ऋण कहिल्यै पनि पूर्ण रूपले प्राप्त भएका छैनन् । तर चालु खर्च जसरी पनि पूरा गर्नैपर्छ र त्यसका निम्ति पूँजीगत खर्च घटाउनुको विकल्प देखिन्न ।

यसअगाडि बजेट ल्याउँदा सुन्नेहरू सबै खुशी हुने, आर्थिक वर्ष सकिंदा जनता सबै निराश हुने अवस्था सृजना हुने गरेको छ । यस पटकको बजेटले पनि एक वर्षपछि सबै नेपाली जनतालाई निराश तुल्याउने भन्दा अरू केही गर्ने छैन ।

यस्तो अवस्थामा आगामी एक वर्षभित्र खर्च नगरे पनि हुने, काम चल्न सक्ने जस्ता पक्षहरूमा बजेट विनियोजन गर्न हुन्नथ्यो । त्यसो गरेर लोकप्रियता हासिल हुन्छ कि भन्ने ठानेर होला एकदमै जोडबल लगाएर अनेकौं शीर्षक राखेर तथा हरेक कार्यक्रमका सार व्यक्त हुने गरी सिंगारिएका नाराहरू पनि प्रस्तुत गरिएको छ ।

बजेट वक्तव्यमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सही किसिमले गरेको छ । समग्र आर्थिक सूचकांकहरू नकारात्मक रहेका छन् । चालु आर्थिक वर्षको अन्त्यतिर अर्थात् २-३ महिनाभित्रका केही सूचकांकहरू सकारात्मक देखिएको उल्लेख गरिएको छ ।

अहिले वास्तवमा बुद्धि पुर्‍याउन नसक्ने हो भने आगामी आर्थिक वर्ष विगतको भन्दा धेरै अप्ठेरोमा पर्ने अनुमान गर्न सकिन्छ । बजेटमा राम्रा राम्रा कार्यक्रमहरू छन्, नराम्रा कसैले भन्न सक्दैन ।

उद्देश्यहरू आदर्शवादी छन् तिनलाई इन्कार गर्न कसैले सक्दैन । प्राथमिकताहरू १० वटा छन् तर कार्यान्वयन गर्न सकिने अवस्था देखिन्न । वास्तवमा प्रस्तुत गरिएका प्राथमिकताहरू प्राथमिक स्तरका नै होइनन् ।

इमानदारी साथ भन्ने हो भने कृषि उत्पादनको व्यवसायीकरण र औद्योगीकरण आजको प्राथमिकतामा पर्नुपर्छ । त्यसका लागि ठूलो मात्रामा विद्युतीय ऊर्जाको आवश्यकता पर्छ । हामीसँग कृषि उत्पादनको क्षेत्र करिब २६ लाख हेक्टर रहेको छ । यदि यसलाई प्राथमिकतामा राखेर अगाडि बढाउने हो भने प्रति वर्ष काम गर्न उमेर पुगेका १० लाख युवाले रोजगारी प्राप्त गर्नेछन् ।

यसलाई आगामी पाँच आर्थिक वर्षसम्म जारी राख्नुपर्ने हुन्छ । यो क्षेत्रलाई हरेक वर्ष एक नम्बरको प्राथमिकतामा राख्दै जान सकियो भने पाँच वर्षपछि ३० लाखभन्दा धेरै व्यक्तिले रोजगारी प्राप्त गर्नेछन् । अन्य लाखौं व्यक्ति स्वरोजगार हुनेछन् ।

कृषिको व्यवसायीकरण र औद्योगीकरणको सह-उत्पादनका रूपमा औद्योगीकरण, यातायात पूर्वाधार निर्माण, शहरीकरण सहित चौतर्फी विकासको अवस्था सृजना हुनेछ ।

अर्को पाँच वर्ष पनि यसलाई प्राथमिकतामा राखेर अगाडि बढाउँदा रोजगारीका निम्ति विदेशमा रहेका सबै नेपाली नागरिकले देशभित्रै रोजगारी प्राप्त गर्ने अवस्था सृजना हुनेछ ।

प्रतिव्यक्ति आम्दानी अमेरिकी डलर मा ५-१० हजार पुग्न सक्ने अवस्था सृजना हुनेछ । तर बजेटले न कृषि क्षेत्रमा रहेका जनताको दयनीय अवस्था देख्न सकेको छ, न राष्ट्रिय बजारको संरक्षण गर्न सकेको छ न त अन्तर्राष्ट्रिय बजारको सुनिश्चितता गर्न सकेको छ । अहिलेसम्म चलनचल्तीमा जे छ त्यही अवस्थामा बजेट रुमल्लिएको छ र कृषि उत्पादनको क्षेत्रमा आमूल परिवर्तन गर्नेतर्फ दृष्टि पुग्न सकेकै छैन ।

कृषि उत्पादनको व्यवसायीकरण र औद्योगीकरणको महत्व वर्तमान सरकारले बुझ्न सकेको देखिएन । कृषि उत्पादनको विकासका निम्ति सर्वप्रथम सरकारले सम्पूर्ण कृषि उत्पादन क्षेत्रको चकलाबन्दी गर्नुपर्छ । तर सरकारको यसतर्फ ध्यान गएको देखिन्न ।

२६ लाख हेक्टर कृषिभूमि अहिले कित्ताकाट भएर ४ करोड टुक्रामा विभाजित छ । यो कित्ताकाट ९९ प्रतिशत नेपाली जनतालाई सधैं गरिब बनाउने र १ प्रतिशत मुट्ठीभरका व्यक्तिहरूलाई अकुत सम्पत्ति कमाउने संरचना बनेको छ ।

अहिले यो बजेटमा ४ करोड कित्तामा विभाजित कृषिभूमिलाई तीव्रगतिमा अरू धेरै टुक्रामा विभाजित गर्ने ज्यानमारा कित्ताकाटलाई तुरुन्त लागू गर्ने उल्लेख गरिएको छ । यसले मात्रै पनि के देखिन्छ भने वर्तमान सरकार आकाश-पातालका कुरा धेरै गर्छ । कुरा जे पनि गर्छ, जनताको भलो हुने कामलाई प्राथमिकतामा राख्न दृष्टिदोषका कारण असफल छ ।

कृषि तथा औद्योगिक उत्पादनका निम्ति विद्युत् ऊर्जा अति आवश्यक छ भन्ने बुझेको देखिएन । पेट्रोलियम पदार्थको प्रयोगबाट संचालित हुने यातायात तथा औद्योगिक क्षेत्रका कारखानाहरूले ठूलो मात्रामा प्रदूषण फैलाइरहेका छन् ।

पेट्रोलियम पदार्थ जलेर निर्माण हुने मिथेन ग्याँसले सर्वत्र नसर्ने रोगव्याधि बढाउँदै लगेको यथार्थलाई पनि बजेटले देख्न सकेको छैन । संसारभरि प्रदूषण रहित अवस्था सृजना गर्न विद्युत् ऊर्जाको प्रयोग अत्यधिक बढाउँदै लगिएको छ । तर अहिलेको बजेटले अन्तर्राष्ट्रिय प्रवृत्तिलाई बुझ्न सकेको देखिएन ।

देखेको भए विद्युत् वाहन ल्याउँदा भन्सार शुल्क बढाइने थिएन । त्यति मात्र होइन विदेशबाट पेट्रोलियम पदार्थ ल्याउन पाइपलाइन बिछ्याउने एकपछि अर्को कार्यक्रम लागू गर्न थालिएको छ ।

देशभित्र प्रयोगका निम्ति होइन विदेशमा बिक्री गर्नका निम्ति विद्युत् उत्पादनलाई बढाउनुपर्ने नारा दिन थालिएको छ । देशभित्र विद्युत् उत्पादन गर्ने परियोजनाहरू सकिन थालेका छन् । तर उत्पादन भने प्राथमिकतामा छैनन् ।

विदेशीहरूले अनेकौं विद्युत् उत्पादन परियोजना हात पारेका छन् तर उत्पादन गरेका छैनन् । यसको समीक्षा गरेको देखिन्न । अरू बाँकी रहेका परियोजना पनि विदेशीहरूलाई सुम्पनकै निम्ति तँछाडमछाड गरेको देखिन्छ ।

देशभित्र विद्युत् ऊर्जा उत्पादन गर्ने र विदेश पठाउने बाहिरबाट विद्युत् भन्दा १०औं गुणा महँगो पेट्रोलियम पदार्थ ल्याएर प्रदूषण फैलाउने उमेरमै जनतालाई अधमरा बनाउन खोजेको हो कि भन्ने देखिन्छ ।

समयको सीमितताको कारण म बजेटका अरू धेरै छिद्रमा जान सक्दिनँ म फेरि पनि भन्छु, बजेटका उद्देश्य, प्राथमिकता, नीति र कार्यक्रम विश्लेषण नगरी भन्ने हो भने हेर्दा गुलाबभन्दा सुन्दर, त्यतिकै मुख रसाउने खालका छन् तर वास्तविकतामा उपरोक्त सबैले आफैंलाई झुक्याउने भन्दा अरू परिणाम आउने छैनन् ।

**बजेटका कमजोर पक्ष**

१. अर्थतन्त्र जुन संकट र मन्दीको अवस्थामा छ भन्ने कुरालाई बुझेर त्यसको उचाइबाट समाधान दिनुपर्ने थियो । तर त्यसरी बजेट आउन सकेन ।
२. सरकारले आगामी आर्थिक वर्षको बजेटमा पूँजीगत खर्चको आकारमा व्यापक कटौती गरेको छ । कुल बजेटको आकार गत वर्षको तुलनामा ४२ अर्ब ५२ करोड मात्रै घट्दा पूँजीगत खर्चको विनियोजन भने ७८ अर्ब ३१ करोड रुपैयाँले घटाइएको छ ।
३. एकातर्फ चालु खर्च कटौतीको लोकप्रिय घोषणा गर्दै अर्कोतर्फ चालु खर्चको आकार ठूलो दर मा बढाउने काम भएको छ । यो आवमा १० खर्ब ४३ अर्ब ३९ करोड चालु खर्च गर्ने अनुमान गरेको सरकारले त्यसमा साढे ९ प्रतिशत वृद्धि गरी ११ खर्ब ४१ अर्ब ७८ करोड पुर्‍याएको छ ।
४. सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गरी दोहोरोपना हटाउने घोषणा गरेको सरकारले सामाजिक सुरक्षा शीर्षकको बजेट २ खर्ब ५ अर्बबाट बढाएर २ खर्ब १९ अर्ब पुर्‍याएको छ ।
५. निर्वाचन क्षेत्र विकास कार्यक्रम पुनर्जन्म दिई हरेक निर्वाचन क्षेत्रमा ५ करोडका दरले बजेट विनियोजन गरी कुल ८ अर्ब २५ करोड रुपैयाँ विनियोजन गर्नु ठूलो गल्ती हो ।
६. आगामी आर्थिक वर्ष २०८०-८१ को बजेटले स्थानीय तहमा जाने अनुदान ६ अर्ब २४ करोडले घटाएको छ भने प्रदेशमा भने २४ अर्ब ३९ करोड कटौती गरेको छ ।
७. नगरपालिकामा सञ्चालित बचत तथा ऋण सहकारीले आयको १० प्रतिशत कर तिर्नुपर्ने भएको छ । यस्तै उपमहानगरपालिकाभित्र सञ्चालित बचत तथा ऋणको कारोबार गर्ने सहकारीको कर ७ प्रतिशतबाट बढेर १५ प्रतिशत पुगेको छ ।
८. ५० भन्दा ठूला १०० किलोवाट क्षमतासम्मका विद्युतीय सवारीमा १५ प्रतिशत भन्सार र १० प्रतिशत अन्त:शुल्क लाग्ने व्यवस्थामा पहिले भन्दा १०० किलोवाट क्षमताका गाडीमा उपभोक्ता मूल्यमा २० देखि २२ प्रतिशतसम्म महँगो पर्नेछ ।

**बजेटका सबल पक्ष**

१. कर आधार विस्तार गर्ने उद्देश्यले मूल्य अभिवृद्धि करका १७० र अन्त:शुल्कका ३४० छुटका दरहरू खारेज गरिएको छ ।
२. सरकारले केही पाँचतारे होटल, विदेश यात्रा जस्ता विलासिताका सेवामा कर लगाएको छ । ५० लाख रुपैयाँभन्दा बढी आयमा आयकरको दरमा वृद्धि गरिएको छ ।
३. आयोजनाका लागि आवश्यक पर्ने सिमेन्ट, फलामे डन्डी, फलामे पाइप तथा प्लास्टिकका पाइप, जस्तापाता, विद्युतीय केवल जस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको आयातमा छुट नदिने घोषणा गरिएको छ ।
४. स्वदेशी उद्योगले यस्ता वस्तु आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्त:शुल्क छुट दिएर बिक्री गर्न सक्ने व्यवस्था गरिएको छ ।
५. कम्पनी दर्ता र पूँजी वृद्धि गर्दा शुल्क नलाग्ने, १०० रुपैयाँ पूँजीमै कम्पनी खोल्न सक्ने व्यवस्था गरिएको छ ।
६. पूँजीगत खर्चको प्रभावकारिता वृद्धि गर्न विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायत पूर्वतयारी पूरा भई कार्यान्वयनमा जान सक्ने आयोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने नीति ल्याइएको छ ।
७. विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति लगायत प्रक्रिया सम्पन्न भई साइट क्लियरेन्स सुनिश्चित भएका तथा खरिद योजना स्वीकृत भएका आयोजनाको मात्र ठेक्का सम्झौता गर्ने नीति अगाडि सारिएको छ ।
८. विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन र सूचनाप्रविधि क्षेत्रमा आउने विदेशी लगानीलाई सीमा नलाग्ने व्यवस्था गरिएको छ ।
९. सूचनाप्रविधिको सेवा निर्यात गर्ने उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय खोल्न वा सफ्टवेयर, प्रोग्राम वा उपकरण खरिद गर्न आम्दानीको १० प्रतिशत विदेशी विनिमय सुविधा दिइएको छ ।
१०. स्टार्ट-अपलाई प्रोत्साहन गर्न १ अर्ब २५ करोड, नयाँ कम्पनी दर्ता र पूँजीवृद्धि गर्दा कुनै शुल्क नलाग्ने घोषणा गरिएको छ ।
११. निजी क्षेत्रले विदेशी वित्तीय संस्थाबाट ऋण पाउन सहजीकरण, लगानीको वातावरण सुधार गर्न मुलुकको कन्ट्री रेटिङ गरिएको छ ।
१२. विदेश भ्रमणमा जाने नेपालीले भुक्तानी गर्ने रकममा ५ प्रतिशतका दरले वैदेशिक पर्यटन कर तिर्नुपर्ने व्यवस्था गरिएको छ ।
१३. वैदेशिक रोजगार व्यवसायी वा इजाजत पाएको व्यक्तिले वैदेशिक रोजगारीमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशत सेवा शुल्क तिर्नुपर्ने र यो रकम वैदेशिक रोजगारीमा जाने व्यक्तिको हितमा खर्च गरिने भनिएको छ ।
१४. वार्षिक ५० लाखभन्दा माथि आम्दानी गर्ने व्यक्ति र प्रोप्राइटरसिप फर्मलाई लाग्ने आयकरको सीमा बढाएको छ । अब यस्तो आम्दानी हुने व्यक्ति तथा प्रोप्राइटरसिप फर्मले ३९ प्रतिशत आयकर तिर्नुपर्ने व्यवस्था गरिएको छ ।
१५. तल्लो तहको शिक्षकले माथिल्लो तहलाई अध्यापन गराउने, प्रधानाध्यापक पालिकाले छान्ने अभ्यास संस्थागत गर्ने निर्णय सकारात्मक छ ।
१६. कुल पूँजीगत बजेटको न्यूनतम १ प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिने र त्यसको समन्वय गर्न शिक्षा मन्त्रालयमा इकाइ स्थापना गर्ने घोषणा गरिएको छ ।
१७. लुम्बिनी प्रदेशको बुटवल, मधेशको बर्दिबास, कर्णाली प्रदेशको सुर्खेतमा मेडिकल कलेज खोल्ने काम अगाडि बढाउन रकम विनियोजन गरिएको छ ।
१८. काठमाडौंको बूढानीलकण्ठ स्कुल र पोखराको गण्डकी बोर्डिङ स्कुलको सञ्चालन मोडालिटी अवलम्बन गरी शैक्षिक गुठी मार्फत धनकुटा, बर्दिबास, तानसेन, सुर्खेत र डडेल्धुरामा एक-एक वटा नमूना आवासीय सामुदायिक विद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन र पूर्व तयारीका काम अगाडि बढाउने उल्लेख गरिएको छ ।
१९. एनआरएनलाई सेयर बजारमा सूचीकृत भएका हाइड्रोपावर तथा अन्य वास्तविक क्षेत्रका कम्पनीहरूमा लगानी गर्ने बाटो खुला गरिएको छ ।

*(साभार: अनलाइनखबर)*

# डीपीआर नै नबनेको नुवाकोट जोड्ने सुरुङमार्गलाई १ अर्ब बजेट

काठमाडौं/आगामी आर्थिक वर्षको बजेटमा टोखा (काठमाडौं) -छहरे (नुवाकोट) सुरुङमार्ग निर्माणका लागि भन्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले एक अर्ब बजेट विनियोजन गरेका छन् । गृहजिल्ला नुवाकोट जोड्ने यो सुरुङमार्ग कस्तो डिजाइन र प्रविधिसहित बन्ने भन्ने तय नहुँदै अर्थमन्त्री महतले एक अर्ब बजेट विनियोजन गरेका हुन् ।


बजेटमा ‘विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायत पूर्व तयारी पूरा भई कार्यान्वयनमा जान सक्ने आयोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने नीति लिएको घोषणा’ गरेका अर्थमन्त्री महतले विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्रुकन, जग्गा प्राप्ति लगायतका प्रक्रिया सम्पन्न भई साइट क्लियरेन्स सुनिश्चित भएका तथा खरीद योजना स्वीकृत भएका आयोजनाको मात्र ठेक्का सम्झौता गर्ने व्यवस्था मिलाइने घोषणा गरेका छन् । तर, टोखा-छहरे सुरुङमार्ग तत्काल कार्यान्वयनमा जान नसक्ने जान्दा जान्दै किन प्राथमितकाक पर्‍यो भन्ने खुलेको छैन ।

बजेटमा गरिएको घोषणा अनुसार आयोजना कार्यान्वयनका लागि कात्तिक महिनाभित्र ठेक्का व्यवस्थापन गरिसक्नु पर्ने हुन्छ । सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्ने घोषणा भएकाले यो सुरुङमार्ग पनि त्यही नीतिको ट्र्यापमा पर्ने निश्चित रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

अहिलेसम्म यो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) नै तयार नभएको सडक विभागले जनाएको छ । सम्भाव्यता अध्ययन सकिए पनि चीन सरकारले यसको प्रतिवेदन दिन बाँकी रहेको सडक विभागका प्रवक्ता रामहरि पोखरेलले जानकारी दिए । अहिलेसम्म यो आयोजनाको कुल लागत समेत टुंगो लागेको छैन ।

‘बजेट वक्तव्यमा घोषणा गरिएअनुसार १ अर्ब नै बजेट विनियोजन भएको हो भने त्यो सबै रकम यो वर्ष खर्च गर्न सकिँदैन,’ उनले भने, ‘आयोजनाको पूर्वतयारी नै सकिएको छैन, यो वर्ष हाम्रै स्रोतबाट अध्ययन सकाउने गरी काम गर्ने हो भने पनि ५-७ करोडको मात्रै काम हुन्छ होला ।’

यो परियोजनाको डीपीआर टुंगो लगाएर त्यसअनुसार ठेक्का प्रक्रिया पुरा गर्न नै एक वर्षभन्दा बढी लाग्ने अधिकारीहरुको दाबी छ । यो वर्ष सरकारले सुरुङमार्ग विकास कार्यक्रमका लागि १ खर्ब ९५ करोड बजेट विनियोजन गरेको छ, यही कार्यक्रमअन्तर्गत टोखा छहरेको लागि एक अर्ब रुपैयाँ मात्रै हैन, निर्माण सुरु हुन लागेको सिद्धबाबा सुरुङमार्गको काम र विभिन्न सुरुङमार्गहरुको अध्ययन गर्न पनि बजेट छुट्याइएको छ । ठेक्का लागेर निर्माणको थालनी हुन लागेको सिद्धबाबा सुरुङमार्गको बजेट थोरै राखेर अर्थमन्त्रीले किन टोखा छहरे सुरुङमार्गमा खर्च नै हुन नसक्ने पैसा राखे भन्ने स्पष्ट छैन ।




### सिद्धबाबा सुरुङमार्गबारे अध्ययन गर्दै प्राविधिक टोली

सरकारले वातावरणीय प्रभाव मूल्याङ्रुकन (ईआईए) यो सुरुङमार्गको डीपीआर तयार गर्ने जिम्मा चीन सरकारलाई दिएको छ । तर, वातावरणीय प्रभाव अध्ययन पहिले गर्ने कि डीपीआर भन्नेमा नेपल र चीन सरकारबीच नै मतभेद छ ।

चीनले पहिलो वातावरणीय प्रभाव अध्ययन हुनुपर्ने बताएको छ भने नेपाली अधिकारीहरुले डीपीआरले टुंगो लगाएको क्षेत्रमा मात्रै ईआईए गर्न सकिने बताउँदै आएका छन् । यसले गर्दा चिनियाँ पक्षले डीपीआर निर्माणको काम गर्न नै अलमल गरिरहेको छ ।

१५ वैशाखमा अर्थमन्त्री डा. महत र नेपालका लागि चिनियाँ राजदूत छन् सोङबीच भएको भेटवार्ता पनि टोखा-छहरे सुरुङमार्ग निर्माणबारे छलफल भएको थियो ।

अर्थमन्त्री महतसँगको भेटमा चिनियाँ राजदूत सोङले नेपालभित्र पूर्वाधार क्षेत्रमै उच्चतम प्रयोग हुने गरी करिब ८० अर्ब रुपैयाँ उपलब्ध गराउन सक्ने जानकारी गराएका थिए ।

### सम्भाव्यता अध्ययन

असोज २०७६ मा चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल भ्रमणमा आएका बेला टोखा-छहरे-गुर्जुभञ्ज्याङ र बेत्रावती-रसुवागढी (घट्टेखोला) सुरुङमार्गको अध्ययन गर्ने जिम्मा चीनले लिने सहमति भएको थियो । चीनसँगको समझदारी अनुसार सुरुङमार्गको डीपीआर बनाउन लाग्ने अध्ययन खर्च चीनले नै बेहोर्छ । डीपीआर बनेपछि बल्ल निर्माणको मोडालिटीमा छलफल हुने तय थियो ।

तर, बजेटमा यो सुरुङमार्गका लागि नेपाल सरकार आफैंले ठूलो बजेट राखेपछि आन्तरिक स्रोतबाटै सुरुङ बनाउन खोजेको हुनसक्ने अनुमानन अधिकारीहरुको छ ।

यसअघि यो सुरुङमार्ग निर्माण, व्यवस्थापन, सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा बनाउन चिनियाँ कम्पनीहरूले पनि इच्छा देखाएका थिए ।

नेपालले गरेको प्रारम्भिक अध्ययन र चीनले गरेको सम्भावइता अध्ययनले यो आयोजना बनाउन सम्भाव्य रहेको देखाइसकेको छ । अध्ययनमा काठमाडौंको टोखाबाट नुवाकोटको थानसिंह फाँटछेउ पुग्ने सुरुङमार्ग करिब चार दशमलव दुई किलोमिटरको सुरुङ बनाउन सकिने देखिएको थियो । अझ लगानी बढाउने हो भने ५ किलोमिटरभन्दा लामो सुरुङ बनाएर सडकको दुरी घटाउन सकिने विभागको भनाइ छ ।

टोखाबाट थानसिंह फाँटबाट त्रिशुली हुँदै रसुवासम्म बन्ने सुरुङसहितको सडक गल्छी-स्याफ्रुबेंसी खण्डमा जोडिनेछ । सेनाले नदी किनारै-किनारै धुन्चे भएर जाने सडकको विकल्पमा गल्छी-स्याफ्रुबेंसी खण्डको ट्र्याक खोलिसकेको छ । त्यसैमा लगेर टोखाबाट जाने सडकलाई जोडिनेछ ।

स्याफ्रुदेखि रसुवागढीसम्म भने चीनले अहिले सडक विस्तारको लागि काम थालेको छ । यो सुरुङ र पहुँच मार्ग निर्माणपछि काठमाडौंबाट चीनको सीमासम्म मालबाहक सवारी पनि दुई घण्टामै पुग्न सक्ने विभागको भनाइ छ ।

यदि काठमाडौंसम्म सहज खालको दुई लेनको बाटो बनाउन सकियो भने चीनसँग नेपालको ब्यापार सहजीकरणमा पनि मद्दत पुग्ने भौतिक पूर्वाधार मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

भूकम्पयता चीनले तातोपानी नाकालाई प्राथमिकतामा राख्न छाडेपछि रसुवाको केरुङवारिको रसुवागढी नाकासम्मका पूर्वाधार निर्माणलाई सरकारले महत्व दिएको छ । नाकासम्मको सडक बिजोक हालतमा रहेकाले यसको स्तरोन्नति गर्न विभिन्न परियोजनाहरु अघि बढेका छन् । त्यसमध्येको एक टोखा-छहेर सुरुङमार्ग पनि हो ।

केरुङ नाकासम्मको सडकको दुरावस्थाले अहिले पनि पटक-पटक दुःख दिने गरेको छ । सडकमा पहिरो खसिरहने कारण यो सडकमार्गमा दुर्घटनाको जोखिम पनि उच्च छ । प्रस्तावित सुरुङमार्ग बनेपछि तिब्बतबाट रसुवागढी नाका हुँदै नेपाल भित्रिने मालबाहक सवारी मात्रै नभएर चिनियाँ पर्यटकको संख्यामा पनि वृद्धि हुने अपेक्षा छ । पछिल्लो समयमा तिब्बतबाट केरुङ नाका भएर नेपाल भ्रमणमा आउने चिनियाँ पर्यटक पनि बढ्दैछन् । तर, नेपालतर्फका सडकको दुरावस्थाले धेरै पर्यटकलाई स्थलमार्ग भएर आउन रोक्ने गरेको छ ।

सडक विभागका अनुसार अहिले मालबाहक सवारीलाई र सुवागढीबाट काठमाडौं आइपुग्न १२० किलोमिटरको कष्टकर यात्रा तय गर्नपर्छ । उकालो-ओरालो, घुम्तीयुक्त सडकमा पहिरोको जोखिम उच्च छ भने धादिङको गल्छी आइपुग्दासम्म साँघुरा पुल र सडकका कारण सवारीलाई ६ घण्टा बढी समय लाग्छ ।

यो योजना पुरा हुँदा नाकासम्म सुविधायुक्त सडक मात्रै बन्ने छैन केरुङ र काठमाडौंको दुरी करिब ८० किलोमिटरमा छोट्टिने छ । प्रस्तावित सुरुङसहितको सडकमार्ग निर्माण भएपछि समग्र आपूर्ति व्यवस्थामा सुधार आउने र नाकाबन्दीजस्तो असहज अवस्था आएमा विकल्प पनि दिनेछ ।

तर, यो सुरुङमार्ग कहिलेदेखि निर्माणमा जान्छ भन्ने टुंगो छैन । अझ सुरुङमार्ग बनाएसँगै त्यसलाई उपयोग गर्ने गरी र सुवागढीसम्म जोड्ने नयाँ सडकमार्गको स्तरोन्नति कसरी गर्ने भन्ने समेत कुनै तयारी भएको छैन ।

(स्रोत: अनलाइनखबर)

# भारतको अवरोधपछि चीनबाट आउन थाल्यो विस्फोटक पदार्थ

काठमाडौं/भारतीय अवरोधपछि नेपालमा चीनबाट विस्फोटक पदार्थ आपूर्ति थालिएको छ । विकास निर्माणका परियोजनामा विस्फोटक पदार्थ आपूर्तिमा भारतले अवरोध गरेपछि निजी क्षेत्रका व्यवसायीहरुले चीनबाट विस्फोटक पदार्थ भित्र्याउन सुरु गरेका हुन् ।

पछिल्लो केही दिनमा निजी क्षेत्रका व्यवसायीहरुले चीनबाट २३० मेट्रिक टन विस्फोटक पदार्थ आयात गरेका छन् । भारतको ९ महिनादेखिको निरन्तरको अवरोध पछि पछिल्लो दुई साता अवधिमा २३० मेट्रिक टन विस्फोटक पदार्थ आयात गरिएको स्रोतले जनाएको छ ।

‘भारतीय अवरोधका कारण शिथिल बनेका परियोजनाहरुका लागि वैकल्पिक माध्यमबाट विस्फोटक पदार्थ आयात थालिएको छ,’ आयातकर्ता एक व्यवसायीले अनलाइनखबरसँग भने, ‘पहिलो लटमा ९० र दोस्रो लटमा १४० मेट्रिक टन विस्फोटक पदार्थ नेपाल भित्रिएका छन ।’

सुवागढी नाका भएर भित्रिएको सो विस्फोटक पदार्थ चिनियाँ ठेक्काका विकास र औद्योगिक परियोजनामा प्रयोग हुनेछ ।

चीनको स्थलमार्गमार्फत् रसुवा नाका भएर सो विस्फोटक पदार्थ भित्रिएको सरकारी अधिकारीहरुले पनि पुष्टि गरेका छन् । भारतीय अवरोधका कारण प्रभावित भएका परियोजनामा ती विस्फोटक पदार्थ प्रयोग हुनेछन् ।

‘भारतको अवरोध पछि विस्फोटक पदार्थ आयातका लागि कार्यविधि संशोधन गरेर सरकारले सहयोग गरेको थियो,’ गृह मन्त्रालय स्रोतले भन्यो, ‘अब भित्रिन सुरु भएको छ । यसले तत्कालको अभाव टार्नेछ र दीर्घकालीन आयातको बाटो पनि खुल्नेछ ।’

मन्त्रालय स्रोतकाअनुसार निजी क्षेत्रले उत्तरी नाका भएर सफल रुपमा विस्फोटक पदार्थ भित्र्याउन सकेपछि नेपाली सेनाले पनि विस्फोटक पदार्थ आयातको प्रक्रिया थालेको छ । नेपाली सेनाको काठमाडौं-मधेश द्रुतमार्गको सुरुङमार्ग र अप्ठ्यारो पहाड पन्छाउन विस्फोटक पदार्थ अभाव भएको छ ।

मन्त्रलयकाअनुसार चिनयाँ नाका भएर विस्फोटक पदार्थ आयात गर्दा हालको लागत १.६ प्रतिशितले महँगो भएको छ ।

भारतीय पक्षले ९ महिनादेखि नेपालमा विस्फोटक पदार्थ र यसको कच्चा पदार्थ आयातमा अवरोध गरिरहेको छ । चिनीयाँ आयोजनालाई प्रभावित गर्ने उद्देश्यले भारतले गरको अवरोधले नेपाली सेनाको आयोना, विस्फोटक पदार्थ आयात र उत्पादन समेत प्रभावित बनेको छ ।

भारतीय भूमी भएर नेपालमा विस्फोटक पदार्थ आयातका लागि नेपालस्थित भारतीय दूतावासबाट ‘नो अब्जेक्सन लेटर’ लिनुपर्छ । तर, नेपाली सेना र चिनियाँ लगानीका आयोजनाका लागि भारतीय दूतावासले ‘नो अब्जेक्सन’ रोकिरहेको छ । भारतीय अवरोधका कारण दुई वटा सिमेन्ट उद्योग, ६ वटा जलविद्युत परियोजना र एक सडक आयोजनाले सरकारलाई काम गर्न कठिन भएको भन्दै विस्फोटक पदार्थ उपलब्धता सहजीकरणको माग गरेका थिए ।

७८ मेगावट क्षमताको सान्जेन जलविद्युत परियोजना, १ सय ४० मेगावटको तनहुँ जलविद्युत आयोजना, १ सय २१ मेगावट क्षमताको माथिल्लो त्रिशूली र १ सय २० मेगावटको लाङटाङ-भोटेकोसी जलविद्युत परियोजनाले काम प्रभावित भएको भन्दै गृह र रक्षा मन्त्रालयमा गुनासो गरेका थिए ।

यस्तै विस्फोटक पदार्थ अभावका कारण धादिङमा रहेको ह्वासिन सिमेन्ट र नवलपरासीको होङ्सी शिवम् सिमेन्ट लगायतका ठूला सिमेन्ट उद्योग समस्यामा पर्न थालेका छन् । चिनियाँ लगानीका यी ठूला सिमेन्ट उद्योगले खानी उत्खननका लागि आवश्यक विस्फोटक पदार्थ पाउन सकेका छैनन् । तराई -मधेश द्रुतमार्गको विभिन्न सुरुङमार्गको ठेक्का पाएको चिनियाँ ठेकदारले विस्फोटक पदार्थ अभाव भएको जानकारी सरकारलाई गराएको थियो ।

१७ देखि २० जेठमा भएको प्रधानमन्त्रीको भारत भ्रमणमा भारतीय पक्षसँग अनौपचारिक रुपमा विस्फोटक पदार्थ सहजीकरणका लागि आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको अधिकारीहरुले बताएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# आन्दोलनकारीको निशानामा एमाले, उत्तेजनामा ओली

काठमाडौं/प्रदेशको नाम कोशी राखेको विरोधमा आन्दोलनरत पक्षले बिहीबार उदयपुरमा उपसभामुख सिर्जना दनुवारमाथि आक्रमणको प्रयास गरेको छ । इलामको सोयाकमा नेकपा एमालेका प्रदेशसभा संसदीय दलका उपनेता राम रानाको गाडी रोकेर मोबिल पोखिदिएका छन् भने गाडीमाथि ढुंगामुढा गरेका छन् ।

त्यसको प्रतिक्रियामा एमाले अध्यक्ष केपी शर्मा ओलीले अब तयारीका साथ मुकाबिला गर्नुपर्छ भन्दै भाषण गरे ।

आन्दोलनरत पक्षले आफ्नो प्रतिवद्धता विपरीत नेताहरुमाथि दुर्व्यवहार गर्ने र एमाले नेतृत्वले प्रतिवादमा उत्रिन निर्देशन दिँदा परिस्थिति हिंसातिर धकेलिन सक्ने भय बढेको छ ।

**चार दलको निर्णय, निशानामा एमाले**

अरु प्रदेशको नाम अघिल्लो कार्यकालमै टुंगिएपनि प्रदेश १ ले नामकरण गर्न सकेको थिएन । ९३ सदस्यीय प्रदेशसभामा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को दुई तिहाई बहुमत (६६) सांसद हुँदा पनि नाममा सहमति जुट्न सकेन ।

यो पटक एमालेले केही सिट गुमायो भने कांग्रेसले थप्यो, राप्रपा नयाँ दलको रुपमा आयो । एमाले (४०) पहिलो, कांग्रेस (२९) दोस्रो र माओवादी केन्द्र (१३), राप्रपा (६) र एकीकृत समाजवादी (४) र जनता समाजवादी पार्टी (१) भएको अवस्थामा प्रदेशको नामकरण झन् जटिल मानिएको थियो ।

तर अनपेक्षित रुपमा १७ फागुन २०७९ मा प्रदेशको नाममा ठूला चार दल एकठाउँमा उभिए । केन्द्र सरकारको नेतृत्व गरेको माओवादी केन्द्रले राष्ट्रपति निर्वाचनमा १० पुसको सहमति तोडेर कांग्रेसलाई साथ दिएपछि एमाले र राप्रपाले सरकार छाडेको थियो ।

तर प्रदेशको नाम कोशी राख्न एमाले, कांग्रेस, माओवादी र राप्रपा एक भए । नेताहरुका अनुसार, सुरुमा एमाले, कांग्रेस र राप्रपाबीच सहमति जुटेको थियो, पछि माओवादी केन्द्र पनि थपियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# भक्तपुर क्याम्पसमा विवाद : नयाँ क्याम्पस चिफको कुर्सी र नेमप्लेट रुखमा

काठमाडौं/त्रिविका क्याम्पसहरुमा नियुक्ति विवादका घटना नयाँ होइनन्, तर भक्तपुर क्याम्पसमा नयाँ क्याम्पस प्रमुख नियुक्ति विवाद भने जेलिँदै गएको छ ।

भक्तपुर क्याम्पसका क्याम्पस प्रमुख डा. कृष्णप्रसाद पोखरेलले गत चैत ३० गते अनिवार्य अवकाश पाएका थिए । तत्कालीन क्याम्पस प्रमुखको अनिवार्य अवकाशपश्चात् त्रिविले तत्काल नयाँ क्याम्पस प्रमुख नियुक्त गर्न सकेन । त्यसपछि त्रिविले वरिष्ठताको आधारमा भन्दै सहायक क्याम्पस प्रमुख सुदर्शना शाक्यलाई निमित्त क्याम्पस प्रमुखमा वैशाख ३ गते नियुक्त गरेको थियो ।

त्रिवि कार्यकारी परिषद्ले सहप्राध्यापक शाक्यलाई निमित्त क्याम्पस प्रमुखको हैसियतमा जिम्मेवारी दिएको करिब डेढ महिनामा जेठ १६ गते अर्की सहप्राध्यापक कविता लुइँटेल भट्टराईलाई क्याम्पस प्रमुख नियुक्त गर्ने निर्णय गर्‍यो । सोही अनुसार गत आइतबार उनी नियुक्ति पत्र लिएर क्याम्पस पुगिन् ।

उनी अकस्मात् प्रमुख बनेर आइपुगेको सुइँको समेत पाइनन् निमित्त क्याम्पस प्रमुख सुदर्शना शाक्यले । उनलाई त्यस बेलासम्म न त्रिवि कार्यकारी परिषद्ले जानकारी दियो, न त क्याम्पस प्रशासनले नै । निमित्त क्याम्पस प्रमुख शाक्य काम गरिरहेकै बेला नवनियुक्त क्याम्पस प्रमुख सह-प्राध्यापक कविता लुइँटेल भट्टराई ठूलो समूहमा क्याम्पस पुगेकी थिइन् ।

निमित्त क्याम्पस प्रमुख शाक्य भन्छिन्, ‘उहाँहरु ठूलो समूहमा आउनुभयो, त्यसपछि क्याम्पस प्रमुखको नियुक्ति पत्र टेबलमा राखेर खादामाला, अबिर लगाउने काम हुँदैथियो । मैले बुझिहालें केही नभनी मेरो आफ्नो सामानहरु समेटें, क्याम्पसको कागजातहरु प्रशासन प्रमुखलाई बुझाएर निस्कें ।’

शाक्यको गुनासो छ- नयाँ क्याम्पस चिफले आफू नियुक्त भएको सूचनासम्म आफूलाई दिइनन् । कविता लुइँटेलको गुनासो छ- शाक्यले क्याम्पसका प्रशासनिक कागजातहरु आफूलाई हस्तान्तरण गर्नुसाटो प्रशासनलाई बुझाइन् । हेर्दाखेरि दुई प्राध्यापकहरुको टकराव जस्तो देखिए पनि यसको पृष्ठभूमिमा दलीय भागबण्डा कारक छ ।त्रिविले नयाँ क्याम्पस प्रमुख नियुक्त गरेको लुइँटेल एमाले निकट मानिन्छिन्, निमित्त क्याम्पस प्रमुखका रुपमा कार्यभार सम्हाल्दै आएकी शाक्य कांग्रेस निकट ।

ठीक यही पृष्ठभूमिमा सक्रिय भयो नेविसंघ । नेविसंघका कार्यकर्ताहरुले भोलिपल्ट २२ जेठमा नवनियुक्त क्याम्पस प्रमुख लुइँटेलको कुर्सी, नेमप्लेट लगेर नजिकैको रुखमा झुन्ड्याइदिए । वक्तव्य पनि टाँसिदिए, रुखमै ।

उनीहरुले क्याम्पस प्रमुखको कार्यकक्ष, प्रशासन र लेखाशाखामा ताला लगाएका छन् । प्राध्यापकहरुले हाजिर गर्ने दुई वटा ‘थम्प एटेन्डेन्स’ उनीहरुले गायब बनाएका छन् । नयाँ चिफ ल्याउने क्रममा निमित्त क्याम्पस प्रमुख शाक्यमाथि गरिएको व्यवहार ‘दुर्व्यवहार’ भएको दाबी गरेका छन् ।

यस्तो क्रियाकलापबारे माफी माग्नुपर्ने भन्दै नेविसंघ इकाइले वक्तव्य निकालेको छ । ‘क्याम्पसमा सिनियर प्राध्यापकहरु हुँदाहुँदै जुनियर व्यक्तिलाई क्याम्पस प्रमुख नियुक्त गरिएको छ’ उसले वक्तव्यमा भनेको छ, ‘प्रक्रिया खारेज नगरेसम्म अनिश्चितकालसम्मको लागि नेविसंघले क्याम्पस प्रमुखको कक्ष र प्रशासनमा तालाबन्दी रहने समेत जानकारी गराउँदछौं । साथै उक्त कार्यको विरोधमा हुने सम्पूर्ण क्षतिको जिम्मेवार स्वयं क्याम्पस प्रशासन हुनेछ ।’

क्याम्पसमा को पदाधिकारी आउँछ जान्छ भन्ने कुरा त्रिवि कार्यकारीसँग सम्बन्धित कुरा हो, विद्यार्थी संगठनसँग होइन । उसो भए किन नेविसंघले क्याम्पस प्रमुखको कुर्सी र नेमप्लेट नै लगेर रुखमा झुन्ड्याउन पुगेको होला ? नेविसंघले यसबारे प्रष्ट जवाफ दिएन ।

एक प्राध्यापकका अनुसार निवर्तमान क्याम्पस प्रमुखमाथि गरेको व्यवहार आफैंमा सही नभए पनि अहिले विद्यार्थी संगठनका नाममा भएका क्रियाकलाप झनै खेदपूर्ण छन् । ‘निमित्त चिफलाई ससम्मान बिदाइ गर्न क्याम्पस चुकेको देखियो, तर यसको मतलब नयाँ प्रमुखलाई झन् अपमान गर्नुपर्छ भन्ने होइन’, ती प्राध्यापक भन्छन् ।

क्याम्पसका प्रशासन प्रमुख श्याम सुवेदी निमित्त क्याम्पस प्रमुख नियुक्त गरेको छोटो समयमा नै नयाँ क्याम्पस प्रमुख नियुक्त गरेर पठाउँदा समस्या उत्पन्न भएको बताउँछन् । उनी भन्छन्, ‘त्रिविले एक महिना २२ दिनमै क्याम्पस प्रमुख पठाउनु थियो भने किन निमित्त नियुक्त गर्नुपरेको ? यसमा त्रिवि चुकेको देखिन्छ ।’

कार्यकारी परिषदको बैठकले नियुक्ति गरिएको भन्ने पत्र पाएपछि क्याम्पस प्रशासनले त्रिविको निर्णय कार्यान्वयन गरेको उनले बताए ।

सहायक क्याम्पस प्रमुख लक्ष्मीसुन्दर लवजु त्रिविले निमित्त प्रमुखमाथि गरेको व्यवहार गलत भएको बताउँछन् । उनी भन्छन् ‘१६ गतेको कार्यकारी बैठकले निर्णय गर्ने तर २१ गतेसम्म पनि निमित्तलाई जानकारी नदिनु भनेको निमित्तमाथि भएको अन्याय नै हो ।’

हेर्दाखेरि प्रक्रियागत त्रुटिजस्तो मात्रै लागे पनि यी सबै गतिविधि दलगत खिचातानीकै निरन्तरताका रुपमा प्रकट भएको देखिन्छ । तत्कालीन क्याम्पस प्रमुख अनिवार्य अवकाश भएपछि त्रिविले कांग्रेस निकटलाई वरिष्ठताको आधारमा निमित्त क्याम्पस प्रमुख नियुक्त गर्‍यो ।

एमाले निकट प्रगतिशील प्राध्यापक तथा स्वयं एमाले नेतृत्वको दबाब थेग्न नसकेपछि करिब डेढ महिनामा कार्यकारी परिषद्ले सह-प्राध्यापक कविता लुइँटेल भट्टराईलाई क्याम्पस प्रमुख नियुक्त गर्ने निर्णय गरेको देखिन्छ । एक कर्मचारी भन्छन् ‘अन्ततः अरु जे जे भए पनि घुमाई फिराई त राजनीति नै हो । तर जे भए पनि त्रिविले अथवा क्याम्पस प्रशासनले निमित्तलाई गरेको व्यवहार चाहिं सह्य होइन । कम्तीमा उहाँलाई हामीले अथवा त्रिविले यस्तो निर्णय गरेको छ भनेर जानकारी गराउनुपर्ने थियो ।’

नवनियुक्त क्याम्पस प्रमुख सहप्राध्यापक कविता लुइँटेल भट्टराई अध्ययन विदामा रहेकै बेला बोलाएर नियुक्त गरिएको भन्दै प्रगतिशीलकै एउटा खेमा पनि असन्तुष्ट रहेको एक प्राध्यापक बताउँछन् । भट्टराई पाँचवर्षे अध्ययन विदा नसकिंदै एक महिनाअघि बोलाएर क्याम्पस प्रमुख बनाइएको उनको भनाइ छ । भन्छिन् ‘उहाँ अध्ययन विदामा हुनुहुन्थ्यो । विदा नसकिंदै बोलाएर प्रमुख बनाएको भन्दै एउटा खेमा असन्तुष्ट छ ।’

(स्रोत: अनलाइनखबर)

“तपाईं, हामी सबैको कुरा”
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक

वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# कृषि विद्यार्थीलाई जुनेटिक रोगसम्बन्धी जानकारी



साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ जुनोटिक रोग चुनौतीका रुपमा देखापर्न थालेको छ । खानपानमा बदलाव र वातावरणमा आएको परिवर्तनका कारण जुनोटिक खालका रोग देखापर्न थालेसँगै भेटेनरी अस्पताल तथा पशुसेवा बिज्ञकेन्द्र हेटौंडाको आयोजना तथा थाहानगर पशुविकास शाखाको समन्वयमा बिहीबार नगरको जनकल्याण माविमा कृषि बिषय अध्ययन गर्ने ९ र १० का विद्यार्थीसँग जुनोटिक रोगसम्बन्धी कार्यशाला गरिएको हो ।

पशुबाट मानिसमा र मानिसबाट पशुमा सजिलै सर्ने जुनोटिक रोग पशुको लसपस, दूध, दही, मासु र हावाको माध्यमबाट कसरी सर्ने गरेका छन् ? र यसवाट कसरी बच्न सकिन्छ ? भनेर कृषिका विद्यार्थीलाइ जानकारी दिने उद्देश्यले आयोजना गरिएको कार्यक्रमका समन्वयकर्ता तथा नगरका पशु प्राविधिक रुपेशकुमार मिश्रले जानकारी दिए । नेपालमा जनावर बाट मानिसमा सर्ने ६९ प्रकारका रोग पत्ता लागेको छ ।

पटके, तुहिने, छारे, टाईफाईड, रेबिज, बर्डफ्लु, दाद, फिरफिरे, जापनिज इन्सेफलाइटिस, क्षयरोग, फित्ते जुका, इन्फुलन्जा, ट्राइकिभेला, ब्रसेल्ला, लिष्टेरिया, विएसइ सर्कोसिसलगायत दर्जनौं रोग पशुबाट मानिसमा सर्ने रोगको बारेमा विद्यार्थीलाई जानकारी दिएको जिल्ला पशुसेवा बिज्ञकेन्द्रका प्रमुख डा. प्रभात न्यौपानेले बताए ।

उनका अनुसार पशुबाट मानिसमा ६० प्रतिशत रोग सर्ने गरेका छन् । यस्ता रोगको ७० प्रतिशत स्रोत नै पत्ता लागेको छैन । ७० प्रतिशत रोग व्यापारका माध्यमबाट र अन्तरराष्ट्रिय पशुको व्यापारबाट मात्रै ७७ प्रतिशत रोग मानिसलाई सर्ने गरेको पाइएको छ । काटेको मासुलाई राम्ररी नपकाइ खाँदा, दूधलाई नउमाली खाँदा र हावाको माध्यमबाट समेत जुनोटिक रोग सर्ने गरेका छन् । छाडा चौपाया छाड्ने कार्यले पशुबाट मानिसमा सर्ने रोग महामारीका रुपमा अगाडि आउन सक्ने सम्भावना बढेको प्रमुख न्यौपानेले बताए ।

रेबिजबाट मात्रै विश्वमा ५५ हजार मानिसले वर्षेनी ज्यान गुमाउनु परेको छ । जसमध्ये एशियामा मात्रै ९५ प्रतिशतले ज्यान गुमाउने गरेका छन् । हात नियमित सफा गर्ने, व्यवस्थित पशुपालनमा जोड दिने, सागपात राम्ररी सफा गरी पकाएर मात्र खाने, आन्द्राभुँडी र मासुसँगै नमिसाउने, पटके (एक्कासि मरेको) मरेको जनावरको छाला काढ्ने र चिरफार नगर्ने शंका लागेको कुकुरले टोकेमा घाउ सफा गर्ने र खोप लगाउने गरे जुनोटिक रोगबाट केही हदसम्म बच्न सकिने पशु चिकित्सक डा. आभाष कोइरालाको भनाइ रहेको छ ।

# बागमती प्रदेशका ७ सहकारीविरुद्ध ठगी मुद्दा

हेटौंडा, २५ जेठ/ बागमती प्रदेशका ७ वटा सहकारी विरुद्ध ठगी गरेको आरोपमा अनुसन्धान भइरहेको छ ।

बागमती प्रदेश कार्यक्षेत्र रहेर काम गरिरहेका सहकारीहरु विरुद्ध प्राप्त उजुरीका आधारमा ठगी मुद्दा अन्तर्गत केन्द्रीय अनुसन्धन व्युरो (सीआईबी) काठमाडौंले अनुसन्धान गरिरहेको छ । प्रदेशको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय अन्तर्गतको सहकारी महाशाखामा प्राप्त उजुरीका आधारमा सीआईबीलाई पत्राचार गरिएको थियो । सोही आधारमा सीआईबीले अनुसन्धान गरिरहेको हो । महाशाखामा प्राप्त उजुरीहरु माथि छलफल तथा समस्या समाधानका लागि ती सहकारीका सञ्चालकहरुलाई सम्पर्कमा ल्याउने पटकपटक गरेको प्रयास असफल भएपछि अनुसन्धानका लागि सीआईबी समक्ष पत्राचार गरेको पर्यटन, उद्योग तथा सहकारी विकास मन्त्रालयका सहकारी महाशाखा प्रमुख एवम् रजिष्ट्रार राधाकृष्ण खतिवडाले जानकारी दिए ।

प्रहरी र सीआईबीमा गरेर २० वटा सहकारीमाथि अनुसन्धान भइरहेको उनले बताए । अनुसन्धानमा तानिएका सम्पूर्ण सहकारी काठमाडौं उपत्यकामा केन्द्रीय कार्यालय स्थापना गरी काम गरिरहेको उनको भनाइ छ । खतिवडाका अनुसार महाशाखा मार्फत् प्रदेशलाई कार्यक्षेत्र बनाएका अन्य १३ सहकारीका सञ्चालक खोजी कार्यका लागि प्रहरी समक्ष उजुरी पठाइएको छ । महाशाखामा प्राप्त उजुरीलाई प्रक्रियागत रुपमा अघि बढाउँदा सम्पर्कमै नआएका, कार्यालय बन्द गरेर भागेका सञ्चालकहरुलाई खोज्ने कार्यका लागि प्रहरीलाई आग्रह गरिएको उनले बताए ।

जनप्रेम बचत तथा ऋण सहकारी संस्था लिमिटेड (गोलढुंगा, काठमाडौं), भरोसा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (तिनकुने, काठमाडौं), जयअम्बे बचत तथा ऋण सहकारी संस्था लिमिटेड (टोखा, काठमाडौं), विशुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड (स्यूचाटार, काठमाडौं), हिउँचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड (महाराजगंज, काठमाडौं), लवकुश बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (पकनाजोल, काठमाडौं), युवा विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (न्यूरोड, काठमाडौं), राष्ट्रप्रेम बचत तथा ऋण सहकारी संस्था लिमिटेड (बांगेमुढा, काठमाडौं), गतिशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड (काठमाडौं) विरुद्धका उजुरी अनुसन्धानका लागि व्यूरो र प्रहरीसमक्ष पठाइएको छ ।

सिभिल सेभिङ एण्ड कोअपरेटिभ लिमिटेड (काठमाडौं), स्मृति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, (पुतलीसडक, काठमाडौं), एबीसी बचत तथा ऋण सहकारी संस्था लिमिटेड (काठमाडौं), अक्षता बचत तथा ऋण सहकारी संस्था लिमिटेड (काठमाडौं), मञ्जरी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (सातदोबाटो ललितपुर), राइजिङ अप बचत तथा ऋण सहकारी संस्था लिमिटेड (काठमाडौं), सन्ध्या बचत तथा ऋण सहकारी संस्था लिमिटेड (ललितपुर), रियल गोर्खा बचत तथा ऋण सहकारी संस्था लिमिटेड ( काठमाडौं), विश्वास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (काठमाडौं), भद्रकाली कृषि सहकारी संस्था लिमिटेड (काठमाडौं) र एभर ट्रष्ट सहकारी संस्था लिमिटेड (चाबहिल, काठमाडौं) माथि परेका उजुरी पनि प्रहरीलाई जिम्मा लगाइएको हो ।

ती सहकारीहरुमाथि आवश्यक छानबीन तथा अनुसन्धान सहित आवश्यक कारवाही गर्ने गरी प्रहरी र सीआईबीमा उजुरी पठाइएको रजिष्ट्रार खतिवडाले बताए ।

प्रदेश स्थापना यताको ५ वर्षमा बागमती प्रदेशलाई कार्यक्षेत्र बनाएर काम गरिरहेका १७५ सहकारीविरुद्ध महाशाखामा उजुरी प्राप्त भएको छ । सञ्चालकहरु बीचको समस्या, सञ्चालक समितिको अधिकारमा हस्तक्षेप गरी काममा अवरोध, सञ्चालक समितिको अध्यक्ष भागेको, निक्षेपकर्ताको रकम फिर्ता नगरेको, महँगो ब्याज, मिटर ब्याज र सञ्चालकले नै ऋण नतिरेको जस्ता उजुरी प्राप्त भएको महाशाखाको तथ्यांकमा उल्लेख छ । प्रदेश सरकार मातहत रहेका ३ हजार २७२ सहकारीमध्ये चालु आर्थिक वर्षमा मात्र ६४ वटा सहकार ीविरुद्ध उजुरी परेको छ । प्राप्त उजुरीमध्ये अधिकांश सहकारी बहुउद्देश्यीय र बचत संस्था रहेका रजिष्ट्रार खतिवडाले बताए ।

महाशाखाको तथ्यांक अनुसार १७५ सहकारीमाथि ३ हजार जनाभन्दा बढीले उजुरी दर्ता गराएका छन् । सञ्चालकहरु बीचको समस्या, सञ्चालक समितिको अधिकारमा हस्तक्षेप गरी काममा अवरोध, सञ्चालक समितिको अध्यक्ष भागेको, निक्षेपकर्ताको रकम फिर्ता नगरेको, महँगो ब्याज, मिटर ब्याज र सञ्चालकले नै ऋण नतिरेको जस्ता उजुरी प्राप्त भएको महाशाखाको तथ्यांकमा उल्लेख छ ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेका र प्रदेशलाई क्षेत्राधिकार बनाएका सहकारीहरुबाट १ खर्ब ८० अर्बभन्दा बढी रकम ऋण परिचालन भएको छ भने २ खर्ब रुपैयाँ बचत संकलन गर्ने गरेको रजिष्ट्रार खचिवडाको भनाइ छ ।

महाशाखाले उजुरीकर्ताबाट प्राप्त निवेदन दर्ता गरी अनुसन्धान प्रक्रिया प्रारम्भ गर्ने गरेको रजिष्ट्रार खतिवडाले बताए । जसअनुसार पहिलो पटक १५ दिनको समयसीमा राखेर बचतकर्ताको बचत रकम फिर्ताका लागि पत्राचार गर्ने गरिएको छ ।

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०८० साल जेठ २२ गते हेटौंडा-१६ हटियास्थित आफ्नै निवासमा पार्किङ्ग गरिरहेको अवस्थाबाट रातको अं. ११:३० बजेको समयमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** प्रदेश नं. ३-०३-००१ प ३३८
**मोटरसाइकल धनीको नाम:** राज कुमार घिमिरे विश्वकर्मा हेटौंडा-१६, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो/रातो
**चेचिस नम्बर:** MD2A13EY1KCA80599
**इन्जिन नम्बर:** DKYCKA90145
**सम्पर्क फोन नम्बर:** ९८४५५३५१३६

# थाहाका महिला नौमतीबाजा बजाउन सिक्दै

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/थाहा नगरपालिका-२ सक्रिय उद्यमशील महिला समूहका सदस्यहरु नौमतीबाजा बजाउने कला सिक्न व्यस्त छन् । ब्राम्हण-क्षेत्री समुदायका महिलाले नौमतीबाजा छुनु हुँदैन भन्ने परम्परागत मान्यतालाई लत्याउँदै उनीहरुले नयाँ इतिहास कायम गर्न नौमतीबाजा बजाउन सिक्न थालेका हुन् ।

घरायसी काम सक्ने बित्तिकै हतारहतार खेतमा पुग्ने गरेका यहाँका महिला दैनिकजसो दमाह, ट्याम्को, कर्णाल र नरसिङ्गा जस्ता विभिन्न थरीका बाजा सिक्न व्यस्त छन् । महिलाले बाजा छुन पनि हुँदैन भन्ने मान्यतालाई अन्त्य गर्न गाउँका ब्राम्हण, क्षेत्री महिला एकजुट भएर पञ्जे बाजा सिक्न जुटेको वडाका महिला सदस्य रीतु कार्कीले बताइन् ।

कार्कीले बिगतमा थाहा नगरपालिकामा पहिलोपटक महिलाले पंचेबाजा बजाउन थाल्दा केही असहज भए पनि विस्तारै महिलाले सिक्न आर्कषित भएको जानकारी दिइन् । 'मैले सीप हस्तान्तरणको अभियानको रुपमा लिएको छु,' उनले भनिन् । पुरुषले मात्रै बजाउने पञ्चेबाजामा महिलालाई समेत अब्बल बनाउन तालिम आयोजना गरिएको थियो । यो अभियानलाई समाजले महिला सशक्तिकरणको रुपमा पनि हेरिरहेको छ ।

महिला मात्र सहभागी नौमतीबाजा समूह बनाई चितवनका रामबहादुर थापा र होमबहादुर थापाले प्रशिक्षण दिइरहेका छन् । स्वागत तथा सम्मानलगायतका कार्यक्रम, मङ्गलधुन, दुलाहा अन्माउने, दुलहीको घरमा पुगेपछि, सिन्दूर हाल्ने, गोडा धुने, कन्यादान गर्ने बेलामा र दुलही अन्माउँदा, भित्र्याउँदा मङ्गलधुनका प्रस्तुति गर्ने कला प्रशिक्षण दिइरहेको प्रशिक्षक थापाले जानकारी दिए ।

थाहा नगरपालिका सामाजिक विकास शाखा र वडा न २ को आर्थिक सहयोगमा सक्रिय उद्यमशील महिला समूहका २० जना महिलाले तालिममा सहभागिता जनाएका छन् । तालिम २५ दिनसम्म चल्ने वडासदस्य युवराज बिष्टले जानकारी दिए । महिलाले सिक्दा सिक्दै नगरपालिकाले आयोजना गरेको वातावरण दिवसका दिन र जनकल्याण माविमा विदेशी पाहुना आएको दिन आफ्नो कला प्रस्तुत गरिसकेका छन् ।

# अपांगता भएका विद्यार्थीलाई थाहानगरको छात्रवृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/थाहा नगरपालिकाका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत अपांगता भएका ४५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।

नगरपालिकाको लक्षित बर्गको बजेटअन्तर्गत बिहीवार एक कार्यक्रमबीच विद्यार्थीलाई शैक्षिक सामग्रीका साथ प्रतिविद्यार्थी नगद ३ हजारका दरले छात्रवृत्ति वितरण गरिएको हो । थाहा नगरपालिका सामाजिक विकास समितिको निर्णय अनुसार महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ परिचयपत्र वितरण शाखाले नगरका १३ वटा विद्यालयमा अध्यनरत बिद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिएकी छन् ।

थाहा-३ को विकास घरमा आयोजित कार्यक्रममा झोला र कापीकलमलगायत शैक्षिक सामग्री सहित नगद वितरण गरिएको थाहा नगरपालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेले बताए ।

थाहा नगरपालिका सामाजिक विकास समिति सदस्य जनक विकको सभापतित्वमा भएको छात्रवृत्ति वितरण कार्यक्रममा वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, थाहानगर रोजगार संयोजक कुमार नेगी, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख दुर्गा खनाल, दामन चेली समाजकी अध्यक्ष राधिका रायमाझीलगायत सम्बन्धित विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकको उपस्थिति रहेको थियो ।

# ११ नम्बर वडा मेयर कप फाइनलमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/हेटौंडा उपमहानगरपालिकामा जारी मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत बिहीवार दोस्रो सेमिफाइनल खेल भएको छ ।


११ नम्बर वडाले १३ नम्बर वडालाई पेनाल्टी सुटआउटमा पराजित गर्दै उपाधि नजिक पुगेको हो । नगर खेलकुद विकास समितिको आयोजना भइरहेको तेस्रो संस्करणको मेयर कपमा ११ नम्बर वडाले पेनाल्टी सुटआउटमा २-० गोलअन्तरले पराजित गरेको छ । हेटौंडा-५, स्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा निर्धारित समय गोलरहित बराबरी भएको थियो । पेनाल्टी सुटआउटमा ११ नम्बर वडाका लागि अभिन लामा र सुवास लामाले दुई गोल गरे । ११ नम्बर वडाबाट ललित चौलागाईं र पदम राईको प्रहार गोल हुन सकेन । १३ नम्बर वडाका लागि सुनिल थिङ, सुशील गोले, सूर्य मोक्तान र सामेल सुनारले गरेको प्रहार गोल नभएपछि हार व्यहोरेको छ ।

११ नम्बर वडाले १ नम्बर वडालाई र १३ नम्बर वडाले २ नम्बर वडालाई पराजित गर्दै सेमिफाइनल आएका थिए । मेयर कप उपाधिका लागि ११ नम्बर वडाले २७ जेठ शनिवार १५ नम्बर वडासँग प्रतिस्पर्धा गर्नेछ । १५ नम्बर वडा बुधवार भएको पहिलो सेमिफाइनलमा १४ नम्बर वडालाई हराउँदै फाइनल यात्रा गरिसकेको छ । १५ नम्बर वडाले १४ नम्बर वडालाई सुडनडेथमा हराएको थियो ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

# मौद्रिक नीति: गभर्नरले सुरुमै मागे घरजग्गा व्यवसायीबाट सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/नेपाल जग्गा तथा आवास विकास महासंघ (एनएचएलडीएफ) का पदाधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीबीच भेट भएको छ ।

आगामी मौद्रिक नीतिको सुझावका लागि गभर्नर अधिकारीकै पहलमा घरजग्गा व्यवसायीको भेट भएको हो । गभर्नर अधिकारीले प्राथमिकताका दिएर घरजग्गा व्यवसायीबाट सुरुमै मौद्रिक नीतिको सुझाव लिएको महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । राष्ट्र बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा बिहीवार भएको भेटमा घरजग्गा व्यवसायीले वर्तमान अवस्थामा रियल इस्टेट सेक्टरले भोगिरहेको समस्या समाधानका लागि पहल गर्न गभर्नर अधिकारीसँग माग गरेका छन् ।

महासंघका अध्यक्ष भेषराज लोहनी नेतृत्वको टोलीले गभर्नर अधिकारीलाई 'लोन टु भ्यालु रेसियो' रियल इस्टेट कम्पनीहरुलाई ७० प्रतिशत पुर्‍याउन माग गरेको छ । अहिले उद्देश्य नखुलेकाहरुको हकमा लोन टु भ्यालु रेसियो काठमाडौं उपत्यका भित्र ३० र बाहिरको हकमा ४० प्रतिशत छ । उद्देश्य खुलेकाहरुको हकमा लोन टु भ्यालु रेसियो ६० प्रतिशत नै भएको राष्ट्र बैंकले व्यवसायीलाई स्पष्ट पारेको थियो । महासंघ टोलीले किस्ताबन्दीमा घरजग्गा किन्नेको किस्ता मूल्यांकन बढाइदिन समेत माग गरेको छ ।

त्यसैगरी, अहिले घर जग्गा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गर्दा कायम जोखिम भार १५० प्रतिशतलाई घटाएर १०० प्रतिशत कायम गर्न पनि आग्रह गरेका छन् । जवाफमा गभर्नर अधिकारीले घरजग्गा क्षेत्रमा आगामी मौद्रिक नीतिले खुकुलो व्यवस्था गर्ने बताएका छन् । राष्ट्र बैंकले घरजग्गा क्षेत्रमा परेको असर लाई नजिकबाटै अनुभव गरिरहेको बताउँदै गभर्नर अधिकारीले यसले निर्माणसम्बन्धी काम नै कम भइरहेको बताएका छन् ।

'निर्माण क्षेत्रलाई चलायमान बनाउन पनि घरजग्गा क्षेत्रलाई खुकुलो बनाउँछौं । यसलाई सुहाउँदो नीति नै हामीले ल्याउँछौं । पहिलो प्राथमिकतामा तपाईंहरुलाई राखेका छौं । हाम्रो टिमले घरजग्गा क्षेत्रलाई चलायमान बनाउन गहन छलफल गर्छौं । व्यवस्थितरुपमा कम्पनीमार्फत घरजग्गा कारोबार गर्नुपर्छ भन्ने तपाईंहरुको हकमा हामी सधैं खुला छौं', गभर्नर अधिकारीले व्यवसायीहरुसँग भने ।

# हेटौंडा अस्पतालमा स्वास्थ्यमन्त्री बस्नेतको छड्के अनुगमन

साझाकुरा संवाददाता



हेटौंडा, २५ जेठ/ स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले हेटौंडा अस्पतालको छड्के अनुगमन गरेका छन् । बिहीबार हेटौंडा आएका मन्त्री बस्नेतले आकस्मिकरुपमा अस्पतालको अनुगमन गरेका हुन् ।

मन्त्री बस्नेतसहित प्रदेश सरकारका स्वास्थ्यमन्त्री उत्तम जोशी, स्वास्थ्य मन्त्रालयका सचिव बद्री खड्का लगायतले अस्पतालको अनुगमन गरेका थिए । मन्त्री बस्नेतले अस्पतालको आकस्मिक कक्ष, टिकट काउण्टर, बहिरंग ( ओपीडी) सेवाकक्ष, फार्मेसी, प्रयोगशाला, प्रसूतिकक्ष लगायतको स्थलगत अनुगमन गरेका थिए ।

मन्त्री बस्नेतले अनुगमनका क्रममा सेवाग्राहीको गुनासो समेत सुनेका थिए । उनले अस्पतालको आकस्मिक कक्षमा रहेका बिरामीको गुनासो सुन्दै उपचार तथा सेवा प्रवाहमा कुनैपनि कमीकमजोरी नहुने प्रतिबद्धता व्यक्त गरे ।

त्यस्तै मन्त्री बस्नेतले अस्पतालको ओपिडी, टिकट काउण्टर, फार्मेसी तथा प्रयोगशालामा रहेको भिड नियन्त्रणका लागि आवश्यक व्यवस्थापकीय काम सम्पन्न गर्न हेटौंडा अस्पतालका मेडिकल सुपेरिटेण्डेनट डा.रामचन्द्र सापकोटालाई निर्देशन दिएका थिए ।

अस्पतालको ओपिडी, आकस्मिककक्ष तथा प्रसूतिकक्षको सर सफाइमा विशेष ध्यान दिन सापकोटालाई निर्देशन दिए । उनले स्वास्थ्य बीमामा देखापरेका समस्या र औषधि नपाउने गुनासोलाई तत्काल समाधान गरेर अघि बढ्न पनि निर्देशन दिएका थिए । सेवाग्राहीले हेटौंडा अस्पतालको सेवाप्रवाहमा सुधार हुँदै गएको बताएका थिए ।

# आजदेखि हेटौंडा स्काउट क्याम्प सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोग र नेपाल स्काउट, स्थानीय स्काउट कार्यालय हेटौंडा उपमहानगर पालिका समितिको आयोजनामा आज शुक्रबारदेखि प्रथम हेटौंडा स्काउट क्याम्प-२०८० हुने भएको छ ।

स्थानीय पालिकामा स्काउटको माध्यमबाट पालिकाका यूवा तथा बालबालिकाको सर्वाङ्गिण विकास गरी देश विकासमा अग्रसर असल नागरिक बनाउने उद्देश्यले आगामी जेठ २६ शुक्रबारदेखि २८ गतेसम्म (दुई रात तीन दिनको) स्काउट क्याम्प हुने संयोजक दीपेन्द्र रोक्काले बताए । क्याम्प हेटौंडा-१८ स्थित गोरक्षनाथ माविको प्राङ्गणमा हुनेछ । तीन दिनसम्म चल्ने स्काउट क्याम्पमा नगरभित्रका २५ भन्दा बढी सामुदायिक तथा संस्थागत विद्यालयका चार सय भन्दा बढी स्काउट विद्यार्थीको सहभागिता रहने संयोजक रोक्काले बताए ।

क्याम्पमा जिल्लाका अन्य गाउँपालिकामा रहेका विद्यालयका स्काउटको समेत सहभागिता रहने जनाइएको छ । कार्यक्रममा स्काउटहरुले ओमेगा जम्प, सुपरम्यान जम्प, टायर क्रसिङ, मंकी ब्रिज क्रसिङ, कमान्डो ब्रीज क्रसिङलगायत स्काउटिङ गतिविधिमा सहभागिता जनाउने छन् । क्याम्पमा निबन्ध प्रतियोगिता, नृत्य प्रतियोगिता, क्याम्प सजावट प्रतियोगिता रहनेछ ।

## आवश्यकता

यस **साझाकुरा राष्ट्रिय दैनिक**का लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**पद** : मार्केटिङ्ग म्यानेजर
**योयता** : कक्षा १२ उत्तीर्ण
**कामको समय** : विहान ११:०० बजदेखि साँझ ७:०० बजेसम्म ।
**अनुभव** : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान ।
: मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको
**तलब** : आपसी समझदारीमा तय गरिने ।

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना